# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क ३३, पूर्णाङ्क २६६ | २०७७ चैत्र १८ गते बुधबार | Wednesday, 31 Mar 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## आमूल परिवर्तनका लागि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण : बास्तोला



**सुखड, कैलाली ।**

नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले विद्यमान पुँजीवादी व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्न जनपक्षीय पत्रकारिताको महत्वपूर्ण रहेको बताएका छन् । कैलालीको सुखडमा बुधबारबाट सुरु भएको तीनदिने आ धा र भू त

... बाँकी पृष्ठ ७ मा

# वैज्ञानिक समाजवाद निर्विकल्प बाटो

■ **रातोखबर संवाददाता**/काठमाडौं

विश्वमा करिब १५ सय वर्ष शासन गरेको सामन्तवादको अन्त्य हुन्छ भन्ने कल्पना त्यो समयमा सायदै गरिन्थ्यो किनकि सामन्तवादले कसरी जरा गाडेको थियो भने त्यो सत्ता र व्यवस्थाका विरुद्ध जोकोहीलाई बोल्न पनि निषेध थियो र बोल्नु धर्मका विरुद्ध जानुसरह थियो ।

विश्वभरि चलेका राष्ट्रिय स्वाधीनता र क्रान्तिकारी आन्दोलनहरूको बलमा सामन्तवाद हटेर विश्व-पुँजीवादमा प्रवेश गर्‍यो । चीन, रुस, जनगणतन्त्र कोरिया, भियतनाम, क्युबालगायत आफ्नैखाले समाजवादको अभ्यास गरिरहेका देशहरूको सिको गरेर पुँजीवादले अहिले विश्वमा एकछत्र राज गरिरहेको छ । तर पुँजीवाद दलाल पुँजीवाद र साम्राज्यवादमा पतन भएर यो व्यवस्था विश्वबाट असफल हुँदै गएपछि यसको विकल्पका बारेमा विश्वभरि बहस सिर्जना भएको छ ।

यसैबीच नेपालमा पनि लामो समयसम्म चलेको राजतन्त्रात्मक सामन्ती व्यवस्था र सात दशकदेखि सञ्चालनमा रहेको संसदीय व्यवस्था पूर्ण रूपमा असफल भएपछि यसको विकल्पको खोजीका लागि बहस गर्ने जनमत बढेर गएको छ । संसदीय व्यवस्थामा सरकारहरू बदलिए पनि समाजको आर्थिक आधार नबदलिएका कारण व्यक्तिको परिवर्तन होइन, व्यवस्थाको परिवर्तनको विषय नेकपाले सबैभन्दा जोडदार तरिकाले अघि बढाउँदै आएको छ ।

करिब १ महिनाअघि सरकारसँग शान्तिवार्ता गरेको नेकपा अब आफ्नो ध्यान चुनाव वा सरकारमा सहभागी हुनेतिर भन्दा पनि कस्तो व्यवस्था बनाउने भन्नेतिर केन्द्रित हुने देखिएको छ । नेकपा शान्तिप्रक्रियामा सहभागी भएलगत्तै राजनीतिक वृत्तमा विभिन्न खालका बहसहरू त सिर्जना भएका छन् तर नेपाल कम्युनिस्ट पार्टीले आफ्नो एउटै एजेन्डा नेपालको माटो सुहाउँदो आवश्यक व्यवस्था कस्तो हुनुपर्दछ भन्ने विषय जनताले फैसला गर्न पाउनुपर्ने भन्दै यो विषयलाई आमजनतामा लग्नुपर्ने बताएको छ ।

यसअघि सञ्चारमाध्यमहरूमा अन्तर्वार्ता दिँदै नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले नेपालमा वैज्ञानिक समाजवादको बहसले आकार ग्रहण गर्दै गएको बेला यसका पक्षपातीहरूबीच बृहत् कम्युनिस्ट ध्रुवीकरण आवश्यक रहेको बताएका थिए । नेपालमा ४ जनाले स्थापना गरेको कम्युनिस्ट पार्टी स्थापनाको ६ दशकमा ठूलो जनमत यसको वरिपरि केन्द्रित भएको भन्दै नेपालमा बृहत् कम्युनिस्ट ध्रुवीकरण सम्भव भएको उनको भनाइ छ ।

नेकपाका महासचिव विप्लवको विश्लेषणअनुसार नेपालमा राजनीतिक उपरिसंरचना बदल्ने नभई सम्पूर्ण आधार र उपरिसंरचना बदल्नुपर्ने छ र यसो गरेको खण्डमा मात्र वर्तमान नेपालका सबैखाले समस्याहरू पार लाग्नेछन् । नत्र भने देश शक्तिकेन्द्रहरूको क्रीडास्थल बन्ने र सरकार परिवर्तनको खेल चलिरहनेछ । त्यसकारण उपयुक्त समयमा देशका यावत् समस्याहरूको समाधानका लागि र देशलाई सही दिशा दिनका लागि नेपालमा बृहत्तर रूपमा कम्युनिस्ट ध्रुवीकरण अनिवार्य बनेको छ ।

यही विषयलाई केन्द्रमा राखेर नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी-माओवादी) लगायत ४ राजनीतिक पार्टीबीच छलफल भैरहेको छ र यी पार्टीको संयुक्त रणनीतिक मोर्चा बनेको छ । सोमबार दुई पार्टीबीच भएको छलफलमा नेकपाका प्रवक्ता प्रकाण्ड र केन्द्रीय सदस्य मिलन तथा क्रान्तिकारी माओवादीका तर्फबाट स्थायी समिति सदस्य सीपी गजुरेल र इन्द्रमोहन सिग्देल सहभागी थिए । कम्युनिस्ट पार्टीहरूबीचको व्यापक ध्रुवीकरण र एकीकरण तथा रणनीतिक मोर्चाका आगामी कामहरूलाई थप प्रभावकारी बनाउने र व्यवस्थित गर्ने विषयमा छलफल केन्द्रित रहेको नेकपाका प्रवक्ता प्रकाण्डले बताएका छन् ।

नेपालको क्रान्ति, विश्व-परिस्थितिको मूल्याङ्कन, राजनीतिक एवम् फौजी कार्यदिशा, अन्तर्राष्ट्रिय पुँजीवादको वैज्ञानिक विश्लेषण, नेपाली समाजको दलाल पुँजीवादसँगको प्रमुख अन्तरविरोध र वैज्ञानिक दृष्टिबारे रहेका बुझाइहरूलाई छलफल, बहस र अध्ययनको प्रक्रियाद्वारा हल गर्ने उद्देश्यले नेपालका दुई क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) बीच संवाद भएको हो ।

दुई पार्टीबीच सोमबार भएको बैठकमा नेकपाका प्रवक्ता प्रकाण्डले आफ्नो पार्टीले अघि सारेका दर्शनशास्त्रका क्षेत्रमा द्वन्द्ववादको एक प्रमुख नियम विपरीतहरूबीचको एकत्व र सङ्घर्षको नियमलाई थप विकसित गर्दै सजातीय र घुलनशीलबीचको एकताका रूपमा पार्टीलाई बुझ्नुपर्ने, राजनीतिक अर्थशास्त्रका क्षेत्रमा आजको साम्राज्यवादलाई उत्तरसाम्राज्यवाद भन्नुका साथै समाजवादी उत्पादनप्रणालीमा पार्टीले अघि सारेका आर्थिक सिद्धान्तहरू, नेपाली क्रान्तिको आगामी कार्यदिशा वैज्ञानिक समाजवाद र सामरिक कार्यदिशा एकीकृत जनक्रान्तिको अपरिहार्यता, समाज रूपान्तरणमा कम्युनिस्ट पार्टीको मुख्य नेतृत्वदायी भूमिका, क्रान्तिकारी आन्दोलनमा नेतृत्व निर्माण र विकास एवम् नेतृत्वको भूमिकासम्बन्धी मुख्य सैद्धान्तिक बहसहरूबारे आफ्नो व्याख्यात्मक धारणा राखेका थिए ।

यस्तै क्रान्तिकारी माओवादीका तर्फबाट सहभागी सीपी गजुरेलले आफ्नो पार्टीको नीति, सैद्धान्तिक पक्षहरूबारे बुझाइ र नेपाली क्रान्तिको कार्यदिशाबारे आफ्नो पार्टीको धारणा राखेका थिए ।

नेपाल कम्युनिस्ट पार्टीले एकातिर १९३६ को समय र आजको विश्व-परिस्थितिमा व्यापक परिवर्तन आइरहेको तथा नौलो जनवादी कार्यक्रम लम्बिँदै जाँदा प्रतिक्रान्तिको पूर्वाधार बन्दै जाने चिनियाँ क्रान्तिको शिक्षालाई आत्मसात गर्दै नयाँ जनवादी क्रान्तिका कतिपय कार्यभार क्रान्तिकै प्रक्रियामा पूरा गर्दै नेपाली क्रान्तिको राजनीतिक कार्यक्रम सीधै वैज्ञानिक समाजवाद हुने बताउँदै आएको छ ।

## महासचिव विप्लवद्वारा केन्द्रीय कारागारका आस्थाका बन्दीसँग भेटघाट

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले केन्द्रीय कारागारका आस्थाका बन्दीहरूलाई भेटेका छन् ।

सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि विभिन्न झूट्टा मुद्दा लगाएर जेलमा राखेका बन्दीहरूसँग भेटघाट गर्ने र मुलुकको परिवर्तित राजनीतिक अवस्थाका बारेमा छलफल गर्ने क्रममा महासचिव विप्लव बुधबार केन्द्रीय कारागार पुगेका हुन् । उक्त कारागारमा नेकपाका केन्द्रीय सदस्य भरत बम 'रणवीर' लगायत नेता,

... बाँकी पृष्ठ ७ मा

## तीनबुँदे सहमति कार्यान्वयन गर्न माग

**जीवन विक/दैलेख :** सरकार र नेपाल नेपाल कम्युनिस्ट पार्टीबीच तीनबुँदे सहमति भएको लामो समय बितिसक्दा पनि सरकारी पक्षले कार्यान्वयन नगरेको एक कार्यक्रमका वक्ताले बताएका छन् ।

दैलेखको आठबीस नगरपालिकामा आयोजित कार्यक्रमका वक्ताले तीनबुँदे सहमति छिटो कार्यान्वयन गर्न सरकारलाई आग्रह गरेका हुन् ।

सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी दैलेखका इन्चार्ज दीपेन्द्रले सरकार र नेकपाबीच भएको ३ बुँदे सहमति सरकारी पक्षले इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्ने बताए । साथै उनले वैज्ञानिक समाजबाद किन आवश्यक छ भन्ने विषय जनतालाई बुझाउन आवश्यक रहेको पनि बताए ।

... बाँकी पृष्ठ ७ मा

# नेकपाका महासचिव विप्लव, पार्टी प्रवक्ता र गृहमन्त्रीबीच छलफल





■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र प्रवक्ता प्रकाण्डसँग गृहमन्त्री रामबहादुर थापाको भेटवार्ता भएको छ ।

गृहमन्त्री निवास पुल्चोकमा गत मङ्गलबार भएको भेटमा गत फागुन २१ गते सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको

... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद नआएसम्म उत्पीडित जातिको मुक्ति हुँदैन : सन्तोष बुढा




■ **गोपाल गिरी**/काठमाडौं

**तनहुँ :** मगर मुक्ति मोर्चा केन्द्रीय समितिको पूर्ण बैठक सम्पन्न भएको छ । नेकपाका केन्द्रीय सचिवालय सदस्य सन्तोष बुढामगरको उपस्थितिमा बैठक सम्पन्न भएको हो ।

बैठकलाई सम्बोधन गर्दै प्रमुख अतिथि बुढामगरले वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त नहुँदासम्म सम्पूर्ण उत्पीडित जाति र समुदायको मुक्ति सम्भव नहुने बताए । उनले उत्पीडित जातीय सङ्घर्ष र वर्गसङ्घर्ष सँगसँगै लैजानुपर्ने भन्दै त्यसका लागि सम्पूर्ण उत्पीडित मगरहरू एकीकृत जनक्रान्तिमा गोलबन्द हुनुपर्ने बताए ।

बैठकले २०७८ साल जेठ २१ र २२ गते तनहुँमा चौथो

... बाँकी पृष्ठ ७ मा

## नेकपा र क्रान्तिकारी माओवादीबीचको छलफल ध्रुवीकरणमा केन्द्रित

■ **शेरबहादुर विश्वकर्मा**



**काठमाडौं :** नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) बीचको छलफल पार्टी एकता र ध्रुवीकरणका विषयमा केन्द्रित रहेको जानकारी नेकपाका प्रवक्ता प्रकाण्डले दिएका छन् । नेपाल कम्युनिस्ट पार्टीको कार्यदलका तर्फबाट पार्टी प्रवक्ता प्रकाण्ड र केन्द्रीय सदस्य मिलन तथा नेकपा (क्रान्तिकारी माओवादी) को वार्ताटोलीबीच छलफल भएको थियो ।

दुई पार्टीबीचको बैठकमा कम्युनिस्ट आन्दोलनका कार्यभार, दुवै पार्टीले अङ्गीकार गरिरहेका सैद्धान्तिक, वैचारिक, राजनीतिक र सङ्गठनसँग सम्बन्धित धेरै विषयमा निकटता देखिएको र कतिपय विषयमा साझा बुझाइसहितको समझदारीसमेत कायम भएको तथा दुई पार्टीबीचको एकता र सहकार्यलाई अगाडि बढाउन आजको बैठक महत्वपूर्ण भएको पनि प्रकाण्डले बताएका छन् । उनले यस विषयमा कतिपय सैद्धान्तिक र राजनीतिक विषयमा दुवै पार्टीका प्रमुखसहित छलफल गरी ठोस सहमतिमा पुग्ने समझदारी भएको पनि बताए ।

... बाँकी पृष्ठ ८ मा

### २१ औँ जेल ब्रेक दिवस मनाइयो

## पुँजीवादी व्यवस्थाले देशलाई आत्मनिर्भर हुन दिँदैन : भुजेल




■ **रमाकान्त बास्तोला**/पोखरा

नेकपाकी केन्द्रीय सदस्य तथा गण्डक ब्युरो इन्चार्ज उमा भुजेलले देशको उत्पादन र अर्थप्रणालीलाई कङ्गाल बनाउँदै बिदेशी सामान ल्याएर देशमा कमिसन खाने र विदेशीको गुलाम बनाउने काम पुँजीवादी व्यवस्थाले गरेको बताएकी छिन् ।

पोखराको अर्घौंचोकस्थित नमस्ते पार्टीप्यालेसमा आयोजित २१ औं जेल ब्रेक दिवसमा भुजेलले यो व्यवस्थाले देशको अर्थतन्त्रलगायत सम्पूर्ण क्षेत्रलाई आत्मनिर्भर हुन नदिने पनि बताइन् ।

जनयुद्धका क्रममा ऐतिहासिक गोरखा जेलब्रेकको नेतृत्व गरेकी भुजेलले आफ्नो अनुभूति, भावना र योगदानसहित जेल ब्रेक

... बाँकी पृष्ठ ७ मा

# तीनबुँदे सहमतिबारे दुई भ्रामक प्रचार

**देश/परिवेश**

■ विप्लव



हाम्रो नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीचमा गएको फागुन २१ गते ३ बुँदे सहमति भई कार्यान्वयनमा गइरहेको छ । यस सन्दर्भमा दुई खालका अति भ्रामक प्रचार फिँजाइएकोमा हाम्रो ध्यान केन्द्रित भएको छ । सम्भवतः सबै नागरिकको चासो पनि छ । यसबारे स्पष्ट गर्न आवश्यक बनेको छ ।

राज्यले हामीलाई प्रतिबन्ध लगाएको अवस्थामा यो गलत छ, वार्ताद्वारा समस्यालाई समाधान गर्नका लागि सरकार अगाडि बढ्नुपर्छ भन्ने धारणा आमरूपमा थियो । तर्कमा केही भिन्नता भए पनि नेपाली काङ्ग्रेस, जसपा, राप्रपा, सबै कम्युनिस्ट पार्टीहरू, बुद्धिजीवी, व्यक्तित्व, पत्रकार सबैले प्रतिबन्ध हटाउनुपर्ने र वार्ता गर्नुपर्ने धारणा राखेका थिए । कुनै न कुनै रूपले नेपाली सेना र प्रहरीले पनि यो सुझाव राखेको बुझ्न सकिन्छ । यसलाई हाम्रो पार्टीले स्वागत गरेको थियो । सोही धारणा र मतअनुसार नेपाल सरकारले पहल गरेपछि हाम्रो पार्टीले पनि सकारात्मक उत्तर दियो र वार्ता टोली गठन गरेर ३ बुँदे सहमति भयो ।

जब फागुन २१ गते ३ बुँदे सहमति भयो र समारोहमा भाग लिइयो त्यसपछि तुरुन्तै दुईवटा गलत प्रचार सुरु भए : पहिलो, ३ बुँदेमा हतियार, जनमुक्ति सेना, संविधान, लोकतन्त्रको विषय आएन । सरकार फस्यो वा विद्रोही नेपाल कम्युनिस्ट पार्टीलाई बढी छूट दियो भन्ने प्रचार चल्यो । दोस्रो, नेपाल कम्युनिस्ट पार्टीले यही व्यवस्था मानेर आइसक्यो । केपी ओलीको कम्युनिस्ट पार्टीसँग एकता गर्दैछ । केही मन्त्री भएर, केही नेता भएर मिल्दैछन् । एकीकृत जनक्रान्ति पनि देखियो भन्ने प्रचार गरियो ।

पहिलो प्रचारको आरम्भ नेपाली काङ्ग्रेसका प्रवक्ता विश्वप्रकाशले चारबुँदे खोइ भनेपछि सुरु भयो भने दोस्रो प्रचार प्रचण्डजीका केही मान्छेहरूबाट भयो ।

यस्तो प्रचार गर्ने पार्टी र व्यक्तिहरूले कस्तो वार्ता र सहमति चाहेका थिए, केही बुझिन्छ भने केही बुझिँदै गइनेछ तर यतिचाहिँ स्पष्ट हुन्छ- प्रचार गर्ने मित्रहरूलाई ३ बुँदे मन परेको छैन ।

यहाँ सुरुमै स्पष्ट हुनुपर्ने विषय छ- यो सहमति कसैले कसैलाई जित्ने मनसायबाट गरिएको होइन । त्यसैगरी कसैले जितेको र कसैले हारेको रूपमा लिनु हुँदैन । यो सरकार र विद्रोही शक्तिका बीचमा

... बाँकी पृष्ठ ४ मा

वर्ष ६, अङ्क ३३, पूर्णाङ्क २६६
रातो खबर साप्ताहिक

## सम्पादकीय

# जेल विद्रोहको ऐतिहासिक महत्व

इतिहासका विभिन्न कालखण्डमा निरङ्कुश शासनसत्ताका विरुद्ध समानतामूलक नयाँ राज्यव्यवस्था निर्माण गर्न ठूल्ठूला सचेत र साहसिक विद्रोहहरू भएका छन् । नेपालको राजनीतिक इतिहासमा पनि २०५७ साल चैत १७ गते महिलाहरूले जेल विद्रोह गरेर ऐतिहासिक कीर्तिमान राखेका छन् । त्यसैले यो दिन क्रान्तिको इतिहासमा एउटा गौरवशाली दिवस बनेर रहेको छ । जनयुद्ध लडिरहेको तत्कालीन नेकपा (माओवादी) मा आबद्ध क्रान्तिकारी महिला शिलु, कमला, मीना, एन्जिला, सन्जु र रीता २०५७ सालमा आजैको दिन गोरखा जेलमा सुरुङ खनेर बाहिरिएका थिए । वर्गमुक्तिका लागि जीवनलाई हत्केलामा राखेर महिलाहरूले जेल ब्रेक गर्दै साहस र शौर्य प्रदर्शन गरेको उक्त दिनलाई सम्मान गर्दै जेल ब्रेक दिवस मनाइएको छ । नेपालमा महिलाले जेल ब्रेक गरेको यो नै पहिलो साहसिक विद्रोहको घटना भएकाले पनि यो दिन विशेष दिन बनेको छ ।

दासहरूका नायक स्पार्टाकसले दासमालिकका विरुद्ध गरेको विद्रोहदेखि एकीकृत जनक्रान्तिसम्म आइपुग्दा नयाँ मानवसभ्यता निर्माणका लागि मानिसले विद्रोहहरूमा पनि कीर्तिमान राखेको छ । कतिपय विद्रोहको नेतृत्व पुरुषले, कतिपयको नेतृत्व महिलाले र अधिकांश विद्रोहको नेतृत्व सर्वहारा/श्रमिक वर्गले सामूहिक र सचेत रूपमा गरेका उदाहरण छन् । कति विद्रोह सफल भएका छन् भने कतिपय विद्रोह असफल पनि भएका छन् तर सफल वा असफल जे भए पनि इतिहास निर्माणमा विद्रोहको छुट्टै गौरवशाली महत्व छ । विद्रोह मानवसभ्यताको ऐतिहासिक र अपरिहार्य अङ्ग बनेको छ । हरेक विद्रोह मानवसभ्यता निर्माणका लागि विशेष र ऐतिहासिक दिवसका रूपमा स्थापित बनेका छन् । यो दिन विद्रोहलाई हृदयंगम गर्ने दिन हो ।

मानिस विद्यमान अवस्था र व्यवस्थासँग असन्तुष्ट भएपछि विद्रोह गर्छ । एउटा बालकले पेट रित्तिएपछि आमासँग विद्रोह गर्छ, रुन्छ र स्तनपान गर्ने अवसर प्राप्त गर्छ । त्यस्तै आफू र आफ्नो वर्गको मुक्तिका लागि मानिसले निरन्तर विद्रोह गर्दै आएको छ । जीवनको एउटा अपरिहार्य अङ्ग बनिसकेकाले विद्रोहलाई अधिकार मानिन्छ ।

राज्यसत्ताका लागि भएका विद्रोहहरू र त्यसको नेतृत्व गर्ने नायकहरूको अमर इतिहास छ । फ्रान्समा कम्युनार्डहरूले तत्कालीन आततायी सत्ताका विरुद्ध गरेको विद्रोह होस् वा अङ्ग्रेज सामज्यावादी अतिक्रमण र हस्तक्षेपका विरुद्ध नेपाली वीराङ्गनाहरूले गरेको विद्रोह होस्, रुसमा अक्टोबर क्रान्ति तथा चीनमा नयाँ जनवादी क्रान्तिताका योद्धाहरूले गरेका विद्रोहहरू हुन् वा साम्राज्यवादी जापानी/अमेरिकी अतिक्रमणका विरुद्ध जनगणतन्त्र कोरियाका महिलाहरूले गरेका विद्रोह किन नहुन्, यी विद्रोहहरूको गौरवशाली इतिहास निर्माण भएको छ । ती विद्रोहहरूमा जेनी, क्रुप्सकाया, रोजा लक्जेम्बर्ग, चियाङचिङ, ताओ चिङ, याङकाई हुईलगायत विद्रोही महिलाहरूले उठाएको विद्रोहको झन्डाको इतिहास कम गौरवशाली छैन । ती विद्रोहहरू संसारकै सर्वहारावर्गीय क्रान्तिका लागि प्रेरक बनेका छन् । नेपालमा भएका विद्रोह पनि यिनै विद्रोहका नयाँ शृङ्खला हुन् ।

नेपालमा पनि लखन थापादेखि कृष्णलाल अधिकारीसम्मका विद्रोहहरूले नयाँ गौरवगाथा कायम गरेका छन् । नेपालमा योगमायाको विद्रोहलाई महिला विद्रोहको अगुवा विद्रोह मानिन्छ तर त्यसको शैलीको भने विरोध भएको छ । निरङ्कुश राणा शासनका विरुद्ध योगमायाले सयभन्दा बढी महिला र पुरुषलाई लिएर गरेको सामूहिक जल समाधिको विद्रोह ऐतिहासिक छ । विसं १९९७ सालको विद्रोहले चार सहिद जन्मायो भने राणा शासनको जग हल्लाइदियो ।

२०५२ सालमा नेपालमा जनयुद्ध आरम्भ भएपछि सामन्ती सत्ताका विरुद्ध साहस, त्याग, शौर्य, वीरता र बलिदानका ऐतिहासिक कीर्तिमान कायम भएका छन् । २०२८ सालको झापा विद्रोहलाई नेपालका राजनीतिक इतिहासको एउटा शक्तिशाली विद्रोह मानिन्छ । २०५२ सालमा संसदीय सामन्ती सत्ताका विरुद्ध तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र विद्रोह आरम्भ गरेको थियो । महान् जनयुद्ध आरम्भ भएपछि देशभर विद्रोहका घटनाले ऐतिहासिक महत्व र कीर्तिमान राखेका छन् । २०५३ सालमा रामेछापको बेथान मोर्चामा दिलमाया बम्जनले प्राप्त गरेको बलिदान होस् वा रोल्पामा कुमारी बुढाहरूले आँखा निकालेर जिउँदै आगो लगाइँदासमेत पार्टीको गोपनीयता जोगाएर गौरवशाली मृत्युवरण गर्दाको विद्रोह होस्, कालीकोटमा निहत्था महिलाले जनतामाथि दमन गर्न आएको सशस्त्र प्रहरी जत्थाको हातको हतियार खोसेर लखेटेको ऐतिहासिक विद्रोहको घटना नै किन नहोस्, विश्वराजनीतिक आन्दोलनमै यी विद्रोहहरू स्थापित छन् । २०५५ सालमा काभ्रे अनेकोटमा सातजना जनकलाकारले निहत्था अवस्थामा सशस्त्र प्रहरी जत्थासँग गरेको विद्रोह र बलिदानी विद्रोहको अर्को उचाइ थियो । २०५७ साल चैत १७ गते गोरखा जेलका ६ जना बन्दी महिलाहरूले जेल विद्रोह गरेको घटना पनि विश्वचर्चित विद्रोह हो । यो ऐतिहासिक विद्रोहले चुलो र चौकोमा सीमित बनाएर दोस्रो दर्जाका नागरिकका रूपमा राखिएका महिलाहरू पनि श्रमिक सर्वहारा वर्गको मुक्तिका लागि जीवन दाउमा राखेर विद्रोह गर्न सफल छन् भन्ने पाठ सिकाएको थियो । त्यसैले यो विद्रोह एउटा स्मरणीय र अनुकरणीय इतिहास बनेको छ । यिनै ऐतिहासिक विद्रोहबाट पाठ सिक्दै जनयुद्धमा हजारौँ महिला जनमुक्ति सेनामा लामबद्ध बने र कमान्डर/कमिसारसम्म बने । हाँसीहाँसी सहिद बने । बलिदान गर्नुलाई गौरव सम्झिए ।

जेल विद्रोह साहस र शौर्यको प्रतीक भएकाले जनयुद्ध दिवस, सांस्कृतिक प्रतिरोध दिवस, बेथान वीरता दिवस, दोरम्बा हत्याकाण्ड स्मृति दिवस, सहिद सप्ताहलगायत महान् जनयुद्धले निर्माण गरेका नयाँ दिवसहरूको कोटीमा स्थापित बनेको छ । क्रान्तिकारीहरूले यो गौरवशाली दिनलाई एक प्रेरक दिनका रूपमा आत्मसात गर्नुपर्छ र एकीकृत जनक्रान्तिलाई वैज्ञानिक समाजवाद स्थापनाका लागि उत्प्रेरणाका रूपमा लिनुपर्छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# वैज्ञानिक समाजवाद : अद्वितीय विकल्प र सम्पूर्ण समाधान



पूर्णबहादुर सिंह

**क) सुरुआत**

आज दलाल पुँजीवाद चरम सङ्कटमा परिरहेको छ । 'सबै एउटै हुन् र कसैले केही गर्दैनन्' भन्ने आमजनगुनासो सर्वत्र सुनिन्छ । यसको तात्पर्य हो- अब आमजनताले विद्यमान व्यवस्थाको आमूल परिवर्तन, एक मात्र विकल्प एवम् सम्पूर्ण समाधान वैज्ञानिक समाजवाद नै खोजिरहेका छन् । यो जनअपेक्षा एवम् उद्देश्य किन पूरा हुन सकेन ? कारण छन् । यो के सम्भव छैन ? सम्भव छ ।

पहिलो कारण : राजनीतिक पार्टीहरूले आन्दोलनको उद्देश्य केवल सम्झौता बनाउनु हो । सबै जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्धमा अभिव्यक्त जनादेशको उपहास भयो । आमजनतालाई धोका मात्र भयो ।

दोस्रो कारण : व्यवस्थामा आमूल परिवर्तन नगर्नु, केवल फरक नाम दिएर पुरानै व्यवस्था लाद्नु हो । फोहोर भाँडोलाई सफाचट नगरेर झिँगा मारेजस्तो ।

तेस्रो कारण : प्रतिक्रियावादी, यथास्थितिवादी, प्रतिगामी र नवसंशोधनवादी पार्टीहरूले आलोपालो गरेर पुरानै व्यवस्थाको सरकारमा मन्त्री र सांसद बनेर देश कङ्गाल बनाउनु, जनतामाथि शासन गर्नु, शोषण-उत्पीडन गर्नु र भ्रष्टाचार, कमिसन, महँगी, कालोबजारी, तस्करीबाट ब्रह्मलूट गरेर पुस्तौँ-पुस्ताका लागि सम्पत्तिको डङ्गुर थुपार्नु हो । सुन्तलाको बोटमा आँप फल्ने कुरै भएन । त्यसैले 'सबै एउटै हुन् र कसैले केही गर्दैनन्' भन्ने आमजनगुनासो व्यक्त मात्र होइन, नियति बनिरहेको छ । जनताले 'जुन जोगी आए पनि कानै चिरिएका' दलालहरूलाई भनिरहेका छन् ।

चौथो कारण : क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा सञ्चालित जनक्रान्तिहरू पनि विजयमा नपुग्नु हो । क्रान्तिकारी उद्देश्य एवम् उत्साहमा सुरु भएको झापा आन्दोलन केही व्यक्तिहरूले कालो ट्याङ्कीमा पैसा जम्मा गर्ने, काठमाडौँमा घरजम गर्ने र पुरानै व्यवस्थामा गएर मन्त्री र सांसदको जागिर खानेभन्दा अरू के पो भयो र ? प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गरी नयाँ जनवादी राज्यसत्ता स्थापनाका लागि थालिएको महान् जनयुद्ध पनि प्रचण्ड-बाबुरामको महापतनले गम्भीर विसर्जन एवम् विघटन हुँदै भयानक प्रतिक्रान्तिमा परिणत भयो । हालसम्मका सबै जनसङ्घर्ष, जनआन्दोलन र जनयुद्धमा आमजनताले गरेको त्याग, तपस्या, वीरता र बलिदानलाई दलालहरूको अखडा सिंहदरबार-बालुवाटार-बीआईसीसीमा विराजमानहरूले काठमाडौँको टुकुचा खोलामा लगी बगाएर उपहास गरे । यसमा राजनीतिक क्रान्तिको पूर्ण विजय नहुनु, पुरानो शासक वर्गको एउटा हिस्सा मात्र पराजित हुनु र क्रान्तिकारी माओवादी शक्तिमा विचलन, विघटन र महापतन हुनु हो । खगेन्द्र सङ्ग्रौलाको 'नलेखिएको इतिहास' र भागीरथी श्रेष्ठको 'भूमिगत' कथाजस्तै भयो ।

पाँचौँ कारण : विदेशी शक्तिकेन्द्रहरूले हस्तक्षेप, आक्रमण, उपनिवेश/औपनिवेश र दलाल खडा गर्नेबाहेक अरू केही गरेनन् । दलाल बनाउने वा मार्ने साम्राज्यवादी रणनीतिका कारण सबै क्रान्ति र जनआन्दोलन हात्ती आयो, हात्ती आयो, फुस्सा भयो । राणाशासन फालेर जनतन्त्र ल्याउने, पञ्चायत र राजतन्त्र फालेर जनगणतन्त्र स्थापना गर्ने जनअपेक्षा अधुरै भयो । धोका, धोका फेरि पनि धोकाबाहेक केही भएन । अनि आमजनताले सबै एउटै हुन् नभनेर के भनून् ? वर्तमानको कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म राज्यसत्तामा आमूल परिवर्तन अवरुद्ध भइरहेको छ । केवल व्यवस्थाको नाम बदलिएको, पार्टी र नेता फेरिएका छन् । कोकाकोला-पेप्सीकोला र पेप्सीकोला-कोकाकोलाको विज्ञापन एवम् व्यापारजस्तो । महान् जनयुद्ध र राजतन्त्रको अन्त्यपछि हाम्रो मुलुकको राज्यसत्तामा दलाल पुँजीवादको प्रभुत्व कायम भयो । भूतपूर्व सामन्तवादी, दलाल पुँजीपतिहरू र नोकरशाही पुँजीपतिहरू विलय भएका छन् । तिनीहरू रूपमा सामन्त, नोकरशाह र पुँजीपति देखिए पनि सारमा दलाल पुँजीवादी नै हुन् । दलालहरूले पुरानै व्यवस्थामा रङरोगन गरेर, जनतालाई विभ्रमित र ब्रम्हलूट गरेर मुलुकलाई दलालहरूको अखडा बनाइरहेका छन् । १८ औँ शताब्दीका मजदुरहरूले मेसिनका विरुद्ध आन्दोलन गरेर आफ्नो मुख्य शत्रु मालिक (पुँजीपति) लाई केही समयसम्म चिन्न सकेका थिएनन् । जब मजदुरहरू प्रशिक्षित, सङ्गठित र आन्दोलित भए, तब मालिक, पोप र सम्राट् (बादशाह) हरूको लूटको स्वर्ग ढालेर मुक्त भएका थिए । सचेत आमजनताले दलालहरू र सङ्कटग्रस्त दलाल पुँजीवादलाई अब बचाउने छैनन् । आज दलाल पुँजीवादी व्यवस्थाको विकल्प दलाल पुँजीवाद तथा अमूक पार्टी र नेताको विकल्प अमूक पार्टी र नेता हुन सक्दैन । आमजनताले अहिलेको दलाल पुँजीवादी व्यवस्थामा काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, राजा आदि हेरफेर गर्न खोजेका कदापि होइनन् । आमजनताले सदियौँदेखिको हिन्दु राज्य एवम् राजतन्त्र, बूढो काङ्ग्रेसको प्रजातान्त्रिक समाजवाद, सामाजिक दलाल पुँजीवादीहरूको कथित समाजवाद आदि सबै देखिसकेका छन् । ती कुनै विकल्प होइनन् । यो तथ्य हो, जनताले अब वैज्ञानिक समाजवाद नै रोजेका र खोजेका छन् । यो तथ्य र सत्यले चुनौतीको पहाड मात्र होइन, सम्भावनाको क्षितिज खुलिरहेको छ ।

**ख) दलाल पुँजीवादको सङ्कट**

'मात्र संसदीय संवैधानिक राजतन्त्रहरूमा होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सतारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।' (तेस्रो अध्याय, राज्य र क्रान्ति । सन् १८७१ मा पेरिस कम्युनको अनुभव । मार्क्सको विश्लेषण) मा लेनिनले सुन्दर ढङ्गले उल्लेख गर्नुभएको थियो । विश्वमा असफल एवम् बदनाम दलाल पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार चरित्र र दलालहरूको हर्कत जनताले बुझिसकेका छन् । आज दलालहरूको 'सुखी नेपाली र समृद्ध नेपाल' नारा चरम भ्रष्टाचार, कमिसन, महँगी, बेरोजगारी, कालोबजारी, चर्को कर, राष्ट्रघात, जनघात, जनविरोधी हर्कतमा बदनाम भएको छ । त्यसले जनजीवन आक्रान्त बनेको छ । सयौँ नागरिक झाडापखाला, क्षयरोग आदि सामान्य रोगबाट ज्यान गुमाउँछन् । लाखौँ बालबालिका शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित छन् । महिलाहरू बच्चा जन्माउन नसक्दा अकालमा ज्यान गुमाउँछन् । विदेशका कालकोठरीहरूमा नारकीय जीवन जिउन विवश छन् । सयौँ बालिका बलात्कारको सिकार हुन्छन् । निरास बेरोजगारका रूपमा हजारौँ-हजार युवकयुवती आत्महत्या गर्छन् । करिब एक करोड युवा विदेशमा श्रमदासका रूपमा कठिन जीवन जिउन विवश छन् र दैनिक ३ बाकस लास स्वदेशमा आउँछन् । युवाहरू अर्काको देशमा भाडाका सिपाही बनेर लड्न जान छाती र तिघ्रा नपाउन यत्रतत्र लाम लागिरहेका छन् । गोर्खा भर्तीकेन्द्रहरू बन्द भएका छैनन् । सुकुमबासीहरूको छाप्रोमा डोजर एवम् आगो लगाइन्छ । मजदुरहरू भोकै मर्छन् । सुखी नेपालीको हल्ला चलिरहँदा ६८ लाख मानिस गरिबीको रेखामुनि छन् । मानवसभ्यताको कलङ्क छुवाछुत एवम् विभेदको जाँतोमा दलित समुदायमाथि अमानवीय शोषण, उत्पीडन र दमन भएको छ । सामाजिक सेवाको क्षेत्र शिक्षा-स्वास्थ्यमा ठूलो व्यापार एवम् मुनाफा आर्जन गरिन्छ । दुई खालका स्कुल र अस्पताल छन् । पुँजी र प्रतिभा विदेश पलायन भइरहेको छ । राष्ट्रिय उद्योग-कलकारखाना बन्द गरिन्छन् । बहुमूल्य जडीबुटीहरूको तस्करी हुन्छ । सबै नदीनाला बेचिएका छन् । खानी-खनिजहरू विदेशी माडेहरूले दलालहरूको मिलोमतोमा दोहन गर्छन् । विश्वमा सस्तो श्रम बेच्ने, सस्तो कच्चा पदार्थ निर्यात गर्ने, व्यापारघाटा आदिले देश समृद्ध हुन्छ कि कङ्गाल ? तसर्थ यो सबै दलाल पुँजीवाद र दलालहरूको सङ्कट हो, जनताको होइन । त्यसले दलाल सत्ताको मृत्युको घन्टी बजिरहेको छ । क्रान्तिको सुनामी आउँदैछ । 'हाम्रा लागि नैराश्यको कारण नभएर निकै उत्साहजनक कुरा हुन गएको छ । युरोप र एसियाको यस अनुभवपछि वर्गविहीन राजनीति र वर्गविहीन समाजवादबारे बकबास गर्नेहरूलाई पिँजडाभित्र थुनेर कुनै अस्ट्रेलियाली केङ्गुरासँग प्रदर्शनीमा राख्नुपर्छ । बहुलट्ठीपूर्ण शस्त्रीकरण र साम्राज्यवादी नीतिले आधुनिक युरोपमा यस्तो सामाजिक शान्ति ल्याउँदैछ जुन बारुदको पिपाजस्तो छ । समस्त बुर्जुवा पार्टीहरूको पतन र सर्वहारा वर्गको प्रौढता दिन-प्रतिदिन बढ्दोछ ।' (मार्क्सको शिक्षाको ऐतिहासिक भवितव्य, लेनिन, प्राभ्दा, अङ्क ५०, मार्च १९१३, खण्ड २३, पृष्ठ १-४) अक्टोबर क्रान्तिको विजयपछि लेनिनले भनेझैँ जनता निराश होइन, आक्रोशित र आशावादी छन् । दलालहरूको फासिवादी दमन र खिचातानीको घृणित खेलले शान्ति र समृद्धि होइन, बरु सबै दलालहरूको पतन, आमजनतामा परिपक्वता र जनक्रान्तिको आधार बलियो बनिरहेको छ । 'सुखी नेपाली र समृद्ध नेपाल' नारा भ्रम छर्ने, जनता ठग्ने र भोट माग्ने भाँडो मात्र हो । अब कुनै विलम्ब नगरी दलाल पुँजीवाद र दलालहरूलाई राख्ने सङ्ग्रहालय बनाएर प्रदर्शन गर्नै पर्दछ । 'वर्गसङ्घर्ष नै समस्त विकासको आधार र अनुप्रेरक शक्ति हो । जबसम्म मानिसहरूले हरप्रकारका नैतिक, धार्मिक, राजनीतिक, सामाजिक प्रचार, घोषणा र सान्त्वनाको पछिल्तिर लुकेको कुनै न कुनै वर्गीय स्वार्थको खोजीनीति गर्न जान्ने छैनन् तबसम्म उनीहरूले राजनीतिमा सधैँ धोकाबाजी र आत्मवञ्चनाको सिकार बनिरहनु पर्नेछ । हरप्रकारको पुरानो व्यवस्था जतिसुकै युग नसुहाउँदो र मक्किएको प्रतीत भए पनि कुनै न कुनै सत्तारूढ वर्गको शक्तिमा टिकेको हुन्छ भन्ने कुरा नबुझेसम्म प्राचीनताका सुधारवादीहरूलाई मूर्ख बनाइरहेकै हुन्छन् ।' (मार्क्सवादका तीन स्रोत र तीन सङ्घटक अङ्ग, लेनिन, प्रोस्वेसेनिए अङ्क ३, मार्च, १९१३, खण्ड २३, पृष्ठ ४०-४८) मा लेनिनले उल्लेख गरेझैँ समस्त विकासको आधार र अनुप्रेरक शक्ति एकीकृत वर्गसङ्घर्षमा र राज्यसत्तामाथि विजय हासिल नगरेसम्म राजनीतिमा सधैँ धोकाबाजी र आत्मवञ्चनाको सिकार सबै बनिरहनु पर्नेछ । दलाल पुँजीवादले मुनाफा र सत्ता रक्षाका लागि लूट, विध्वंस र उपद्रो गरिरहेको छ । यो सङ्कट, असफलता र विनासको मृत्युशैय्यामा छट्पटाइरहेको छ । विश्व-साम्राज्यवादको सङ्कट पनि केवल निजत्व, अतिएकाधिकार, अतिक्रमण, लुछाचुँडी, भागबन्डा, भ्रष्टाचार, तस्करी, असमानता, भिडन्त, दमन, युद्ध, विध्वंस र विद्रोहले चरम बनाइरहेको छ । यसले आफ्नो वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक हिंश्रक र अमानवीयतालाई कथित लोकतन्त्र, प्रजातन्त्र र मानवअधिकारको मुखुन्डोले छोप्न खोजे पनि उदाङ्गो बनेको छ । दुनियाँमा कोही अधिनायकवादी, उत्पीडनकारी, फासिवादी, युद्धवादी, धर्म र जातिवादी छ भने त्यो हो-उत्तरसाम्राज्यवाद । त्यसैको खच्चर नेपालमा दलाल पुँजीवाद हो । दलाल पुँजीवाद र फासिवादको अन्त्य अनिवार्य छ ।

**ग) वैज्ञानिक समाजवाद सम्पूर्ण समाधान**

'समाजवाद स्वप्नद्रष्टाहरूको मनगढन्ते कुरा होइन, यो त आधुनिक समाजमा उत्पादक शक्तिहरूको विकासको अन्तिम उद्देश्य एवम् अनिवार्य परिणाम हो ।' (मार्क्स-एङ्गेल्स, सङ्कलित रचनाहरू, खण्ड १, पृष्ठ १५) मा उल्लेख भएझैँ वैज्ञानिक समाजवाद हवाईकल्पना एवम् सपना मात्र होइन । सुनको भऱ्याङ चढेर आकाश छुने गफ र कुम्भकर्ण निद्राको सपना होइन । सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युन सन् १८७१, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्ति सन् १९१७ र एसियाको विशाल भूमिमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न विजयी चिनियाँ क्रान्ति सन् १९४९, पूर्वी युरोपमा पोल्यान्ड, युगोस्लाभिया, चेकोस्लाभिया, रुमानिया, हङ्गेरी, अल्बानिया, बुल्गेरिया र पूर्वी जर्मनी सन् १९४५-१९५०, भियतनाम (उत्तरी) सन् १९४६, कोरिया सन् १९४८ र क्युबा सन् १९५९ का क्रान्ति र सत्ताको अनुभव र शिक्षाबाट अझै विकसित छ । वैज्ञानिक साम्यवादी विचारधारा विज्ञानका अकाट्य तथ्यहरूसहित उन्नाईसौँ शताब्दीमा संसार हल्लाउँदै उदय भयो । सम्राट्, पोप र मालिकहरूलाई परास्त गरेर वैज्ञानिक समाजवाद विजयी भयो । वैज्ञानिक समाजवादको विचारधारात्मक अनुसन्धानले क्रान्ति सम्पन्न र सत्ता स्थापना भयो । शोषण, उत्पीडन, असमानता र वर्गको अन्त्य गरेर श्रमिक वर्गको सत्ता निर्माण, समानतामूलक र समृद्ध जीवनको निर्माणले सफलता र लोकप्रियता हासिल भयो । सामाजिक साम्राज्यवाद (संशोधनवाद) को पतनलाई 'इतिहासको अन्त्य भयो', 'विचारधारात्मक युगको अन्त्य भयो', 'संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो' जस्ता भ्रम, विभ्रम र उपहासहरूलाई धुजाधुजा पार्न सफल भयो । वैज्ञानिक समाजवाद मानव जातिलाई वर्ग, जात, राष्ट्र र धर्मविहीन बनाउने, तमाम प्रकारका शोषण-उत्पीडनबाट स्वतन्त्र, समान, शान्त, वैज्ञानिक र समृद्ध दुनियाँमा पुऱ्याउने सर्वोत्तम मानवसभ्यता हो भन्ने पुष्टि भइसकेको छ । विश्व-मानव जाति एवम् मूलतः सर्वहारा श्रमिक वर्गलाई प्रज्वलित गर्न सफल कम्युनिस्ट घोषणापत्र अन्वेषण एवम् प्रक्षेपणको १७२ वर्ष, सर्वहारा वर्गलाई सर्वप्रथम सत्ताको मालिक बनाउन सफल तथा शिक्षा प्रदान गर्ने पेरिस कम्युनको १४९ वर्ष, नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्तिको १०३ वर्ष र एसियाको विशाल भूमिमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न विजयी चिनियाँ क्रान्तिको ७१ वर्षपछिको दुनियाँमा हामी खडा छौँ । वैचारिक रूपले सन् १९५६ र भौतिक रूपले सन् १९८९-९१ वैज्ञानिक समाजवादको विचलन तथा सत्ताको विघटन क्षणिक धक्का र असफलता थियो । साम्राज्यवादी (पुँजीवादी) राजनीतिज्ञ, चिन्तक र विश्लेषकहरूका सतही, पूर्वाग्रही र उन्मादसहितका कर्कस र मिथ्या हल्लाहरूद्वारा सर्वसत्तावादी, निरङ्कुश, अधिनायकवादी, एकदलीय व्यवस्था आदि आरोप लगाउन थाले । डेरिडाले 'मार्क्सले कल्पना गरेको महान् दृष्टान्तको अन्त्य भयो', फुकुयामाले 'विचारधारात्मक युगको अन्त्य भयो', 'अब प्रजातान्त्रिक संसदीय व्यवस्था नै अन्तिम व्यवस्था हो' भन्ने ऐलान र प्रलाप गरे । तर आज पनि साम्राज्यवाद वैज्ञानिक समाजवादको मुटु प्रत्यारोपण गरेर बाँच्ने धृष्टता गरिरहेको छ । वैज्ञानिक समाजवाद-साम्यवादले मात्र मानव जातिलाई न्याय, मुक्ति, समानता, शान्ति, स्वाधीनता र समृद्धि दिन सक्छ । यसले नै वर्ग, जाति, लिङ्ग र क्षेत्रको पर्खाल भत्काउँछ । वैज्ञानिक समाजवादले मात्र वास्तविक जनवाद, स्वतन्त्रता र मुक्ति दिलाउँछ भन्ने सार्वभौम सत्य र असल पक्षहरूलाई हत्केलाले सूर्य छोप्न खोजेझैँ साम्राज्यवादीहरूले बकबास गरिरहेका छन् । आन्तरिक रूपले विचार-दर्शनमा विपरीतको एकत्वको नियम प्रकृति, समाज, पार्टी, सत्ता र निर्जीव वस्तुमा लागू गर्ने, बुझ्ने, बदल्ने, रक्षा र विकास गर्ने सवाल, राजनीतिक रूपले सर्वहारा वर्गको अधिनायकत्व र जनवादलाई जीवन व्यवहारमा कलात्मक प्रयोग र विकासमा केही सीमा रहेका थिए । आर्थिकमा निजी स्वतन्त्रता र सामूहिक (समाजवादी) स्वामित्वका विषयमा तालमेल एवम् निजी र सामाजिक स्वामित्व मैत्रीपूर्ण बनाउने, आर्थिक सम्बन्ध आधार र सत्ता संरचना, सञ्चालन र सांस्कृतिक रूपले समाजवादी र जनसंस्कृतिको समुचित र वैज्ञानिक सम्बन्ध कायम गर्ने सन्दर्भमा केही अभाव देखियो । बाह्य रूपले साम्राज्यवादी घेराबन्दी र घुसपैठ, संशोधनवादको पतन र समाजवादी धारामा विभाजनको असर रह्यो । यसबाट विश्व-सर्वहारावर्ग र श्रमिक जनता शिक्षित-दीक्षित भइसकेका छन् । वैज्ञानिक समाजवाद राजनीतिक रूपले सर्वहारा वर्गको नेतृत्व, किसान-मजदुरको मुख्य भूमिका, उत्पीडित जाति, राष्ट्र, लिङ्ग समुदायको स्वामित्वमा सत्ता, दलाल पुँजीपति वर्गको निषेध, प्रगतिशील, देशभक्त शक्तिहरूसँगको सहकार्यबाट अघि बढ्छ र वर्गविहीन, राज्यविहीन, सर्वोत्तम मानवसमाज, सभ्यता र व्यवस्थामा विकसित हुन्छ । आर्थिक रूपले सामन्ती भूस्वामित्वको अन्त्य, दलाल पुँजीको राष्ट्रियकरण, अति एकाधिकार पुँजीको प्रवेश रोक, दलाल एवम् सूदखोर पुँजीमाथि नियन्त्रण, आमजनतालाई गाँस, बास, शिक्षा, स्वास्थ्य, रोजगार, सूचना-सञ्चार आदिको अधिकार सुनिश्चित हुने, आत्मनिर्भर अर्थतन्त्रको निर्माण र विकास, राष्ट्रिय एवम् औद्योगिक पुँजीको विकास, उत्पादनमूलक अर्थसम्बन्धको विकासबाट अघि बढ्छ । शोषणरहित, समान, सुख-समृद्धिमा विकसित हुन्छ । दलाल पुँजीवादभन्दा फरक दृष्टिकोण, चेतना, जीवनशैली, संस्कार, आचरण र व्यवहारमा अभिव्यक्त हुन्छ ।

आजको दुनियाँमा उत्तरसाम्राज्यवाद मूलतः दलाल पुँजीवादको अन्त्य गर्ने र वैज्ञानिक समाजवाद प्राप्तिको मार्ग एवम् हतियार एकीकृत जनक्रान्तिको कार्यदिशा नै हो । औद्योगिक पुँजीवादले सर्वहारा वर्गलाई क्रान्तिको अग्रदस्ता मात्र बनाएन, बरु मजदुर-किसानको चट्टाने एकतामा साम्राज्यवादी पहिलो विश्वयुद्धकै क्रममा अक्टोबर क्रान्तिको विस्फोट र सोभियत सङ्घ स्थापना भयो । साम्राज्यवादी दोस्रो विश्वयुद्धपछि पूर्वी युरोप मात्र होइन, चीन, भियतनाम, कोरिया, लाओस आदि मुक्त भएका थिए । फिलिपिन्स, पेरू, टर्की, चिली, मलाया, बर्मा, कोलम्बिया, निकारागुवा, इन्डोनेसिया, ग्वाटेमाला, भेनेजुयला, ब्राजिल, भारत र नेपालमा क्रान्तिको पहल एवम् प्रारम्भ भए पनि विजयी भएनन् । बा पूर्वी युरोप, सोभियत सङ्घ, मध्यपूर्व र एसियामा समाजवादमा संशोधनवादीहरूको पतन र साम्राज्यवादले कम्युनिस्ट आन्दोलन र सत्तामा हस्तक्षेप एवम् घुसपैठ गऱ्यो र प्रतिक्रान्ति भयो । आत्मगत रूपले रक्षात्मक विश्व-कम्युनिस्ट आन्दोलन, सामाजिक साम्राज्यवादको पतन एवम् असफल समाजवादी सत्ता, महान् नेपाली जनयुद्धले खाएको धक्का र विश्वका नयाँ अन्तरविरोधहरू र विशेषताहरूको गहन विश्लेषण र संश्लेषणको परिणाम हो- एकीकृत जनक्रान्ति । यो एकका विरुद्ध ९९ प्रतिशत आमजनताको क्रान्तिकारी ध्रुवीकरण, अभेद्य एकता र बलिदानीपूर्ण सङ्घर्षमा विजयी हुनेछ । वैज्ञानिक समाजवादः अद्वितीय विकल्प र सम्पूर्ण समाधान हो । उत्तरसाम्राज्यवाद र दलाल पुँजीवादको खरानीमा वैज्ञानिक समाजवाद- साम्यवाद विजयी र विकसित अवश्यम्भाबी हुनेछ ।

सन्दर्भ : गोरखा जेल ब्रेक

# बन्द पर्खालदेखि खुला आकाशसम्म

**भूकम्प जानु अघिल्लो दिन :**

**सीडीओद्वारा जेल निरीक्षण**

बिहान ३ बजे नै उठेर सामानहरू व्यवस्थित गर्नीतिर लाग्यौँ । शुक्रबारको दिन आफन्तहरूको भेट्ने घुइँचो नै चल्थ्यो । हरेक शुक्रबार वर्गसङ्घर्षको नयाँ नयाँ सन्देश बोकेर आउँथ्यो । त्यसैले त्यस दिन पनि नयाँ कुराको आशा गरेका थियौँ । गाउँको खबर सुन्ने हाम्रो भरपर्दो माध्यम नै त्यति थियो । तैपनि कहिलेकाहीँ प्रशासनले हामीसँग भेट्न नदिई फकाईदिन्थ्यो अनि हाम्रो स्रोत नै बन्द हुन्थ्यो । उज्यालो भएपछि कामको चाप पर्ने भएकाले आफन्तहरूलाई पठाउने सामानहरू एकतिर छुट्ट्यायौँ । सकेसम्म सबै सामान बाहिर पठाइसक्ने सोचेका थियौँ । छ जनाकै सुइटरलगायत थुप्रै सामानहरू छुट्यायौँ । पठाउँदा चैत-वैशाखमा यी कपडाको केही काम छैन भन्ने बहाना बनाउने सल्लाह गर्‍यौँ । सामानहरू मिलाउँदा-मिलाउँदै मिर्मिरे भइसकेको थियो । हातमुख धोएर मुख्य काममै जुट्यौँ ।

दोस्रो पर्खाल फोरेर पनि धेरै परसम्म खनेपछि फेरि अर्को पर्खाल पनि भेटियो । दुईवटा पर्खाल मात्रै छ, त्यही पनि फोडिसकियो भनेर ढुक्क भएका थियौँ । तीनवटा पो रहेछ । प्रहरीले दिएको जानकारी गल्ती रहेछ अथवा जमिनमाथि पर्खाल नभई तल जग उठाएर बारेको पनि हुन सक्थ्यो । अघिल्लो दुईवटा पर्खालजस्तै पूरै सिमेन्टेड नभएर पनि त्यसको जोडाइचाहिँ सिमेन्टकै रहेछ । त्यस दिन बिहानको समयमा म सुरुङभित्र पसैँ । अप्ठ्यारो पर्दा प्रायः बहिनीको भनाइकै आधारमा छलफलद्वारा समस्या हल गरिन्थ्यो । यदि कमलाले आवश्यकता नै ठान्नुभएमा म नै भित्र जाने गर्दथेँ । त्यस दिन पनि उहाँकै सल्लाहअनुसार पसेकी थिएँ । टर्चलाइटको प्रकाशमा 'क्राउलिङ' गर्दै अघि बढेँ । भित्र पस्न सजिलो थिएन । ठाउँ-ठाउँमा साँगुरो अप्ठेरो र सिधै पस्न नमिल्ने थियो । कतिपय ठाउँमा अलि ठूलो पार्नुपर्ने देखियो । मुख्यतः माथिबाट सिधै झरेर मोडिँदा घुँडा दोबारेर, मुन्टो जमिनमा जोत्दै अघि बढ्नुपर्थ्यो । अभ्यास नगरी एकैचोटि पस्दा त्यही अड्कन सक्ने वा उकुस-मुकुस भई आत्तिने खतरा पनि प्रबल थियो । अगाडि बढ्दै हातले छामेपछि पर्खाल भेट्टाएँ । ढुङ्गाको बीच भाग केहीबेर कोट्याएपछि सानो चरबाट बाहिरको उज्यालो भित्र छिर्‍यो । हल्का चिसो हावा छिरेको महसुस भयो । म सुरुङभित्रैबाटै बाहिरी संसार चियाउन थालेँ । पर कताकता मान्छेहरूको चहल-पहल देखियो । मान्छेहरूको स्वर प्रस्ट सुनियो । अब योजना करिब-करिब सफलताको नजिक पुगेको महसुस भयो । माटोमा हातले टेक्दै पेटको बलमा घिस्रिँदै त्यही स्थितिमामै पछि फर्केर बाहिर निस्किएँ । कमलालाई मनमनै प्रशंसा गरेँ र मिलाउनुपर्ने कुराहरू बताएँ । सायद उहाँले 'के-के मिलाउनुपर्ने हो' भन्ने कुरा नै अपेक्षा गर्नुभएको थियो । "मिलाउनुपर्ने काम भरे मिलाउनुपर्ला" भन्दै कोठामा पस्यौँ । नास्ता खाएर तानमा गयौँ । झोला, टोपी, बुनिसिध्याएर काट्यौँ । झोला छवटै तयार भएछन् । रीताले झोला बोकेर यताउता चौरमा हिँड्दै झोला बोकेको आनन्द लिनुभयो । खाना खाएर एकैछिन आराम गर्‍यौँ ।

अब सुरुङको काम लगभग पूरा भइसकेको थियो, त्यसको बिट मार्न मात्र बाँकी थियो । त्यसैले भोलिपल्ट राति निस्कने सोच बनायौँ । पियन प्रेम दाइलाई केही सामान ल्याएर बजार पठायौँ । वासना दिदीको लागि एक थान कुर्ता-सुरुवाल र एउटा चोलो अनि आमाको लागि साडी र चोलो मगायौँ । हाम्रो लागि पनि छ थान कुर्ता-सुरुवाल ल्याउन भन्यौँ । अन्य आवश्यक कुरा पनि मगायौँ । खाद्यान्न अब जरुरी थिएन, भोलिकै लागि ठिक्क थिए ।

ढोकामा भेटघाटमा आउने आफन्तहरूको सङ्ख्या क्रमिक रूपले बढ्दै थियो । हामी छ जना नै ढोकामा बसेका थियौँ । १२ बजेतिर कमलाको दिदी आइपुग्नुभयो । प्रायः खबर पाइने हुनाले आशा पनि बढी नै गर्थ्यौँ । केही समय पहिले नै हामी छिट्टै निस्कँदैछौँ भन्ने खबर पार्टीलाई पठाएका थियौँ । त्यसको प्रत्युत्तरसहित केन्द्रीय सदस्य उत्तम दाइको पत्र पायौँ । पार्टीको आधिकारिक पत्र पाउँदा हामी हर्षविभोर भयौँ । चैत २४ गतेको लागि दुश्मनले राम्रै तयारी गरेको, अप्ठ्यारो हुन्छ, त्यतिबेलाभन्दा अलिपछि सोचौँला भन्ने आशय पत्रमा उल्लेख थियो । बाहिरी स्थितिको हिसाबले त्यो सुझाव ठीक थियो तर त्यहाँभित्र कुनै पनि बेला प्रतिकूलता थपिन सक्ने र बाहिर जतिसुकै कठिनाइ पर्ने भए पनि सामना गर्ने मानसिकता बनिसकेको हुँदा योजना बदल्ने स्थितिमा हामी थिएनौँ । हामीसँग भेटघाटको लागि मीनाको आमा, गोविन्द दाइको आमा, सञ्जुको बाबालगायत धेरै जना आउनुभएको थियो । सबैसँग भेट्न पाउँदा र चारैतिरको खबर सुन्न पाउँदा हामी रमाइरहेका थियौँ ।

करिब दुई बजेतिर दुई जना ठूलाबडा देखिने मान्छेसहित जेलर भित्र पस्यो । एक जना त उपरीक्षक थियो, जो पहिला पनि आएको थियो, अर्कोलाई कहिल्यै देखेका थिएनौँ । हामी चुपचाप रह्यौँ । अब के हुने हो भन्ने सोच्दै ढोकाबाट उठेर चौरतिर आयौँ । तीनै जना हामी नजिक आएर टक्क अडिए ।

जेलर त्यो नयाँ मान्छेलाई देखाउँदै भन्न थाल्यो, "उहाँ हाम्रो नयाँ सीडीओसा'ब, हिजो मात्र यहाँ आउनुभएको छ ।"

त्यसपछि त्यो सीडीओ भनाउँदो बोल्यो, "तपाईंहरूलाई ठीकै छ ?"

रीताले ठाडठाडै जवाफ दिनुभयो, "हाम्रोबारे उतै जेलरलाई सोध्नुहोला ।" उनीहरू वरिपरि आँखा लगाउँदै पछिल्लो भागतिर लागे । हामी सबै पछिपछि गयौँ ।

"जेलभित्र पनि तरकारी रोप्ने व्यवस्था ... ?" प्रजिअले आपत्तिसूचक आश्चर्य प्रकट गर्‍यो ।

"अब रोप्न नदिने भन्ने लागेको छ", जेलरले निकै नम्र लवजमा जवाफ दियो । उनीहरूले सबै कुरा निरीक्षण गर्दै बढे ।

"यहाँ के रोपेको छ नि ?", सुरुङको मुख भएको खाली ठाउँ देखाउँदै उपरीक्षकले सोध्यो ।

"तरकारी", मीनाले जवाफ दिनुभयो ।

उनीहरू फर्किएर हाम्रो कोठाहरू हेर्न गए, जोडले उफ्रिरहेको मुटुको धड्कन अलि शिथिल भयो । चारैतिर हेरेपछि स्थिति सामान्य नै लाग्यो होला र उनीहरू ढोकाबाहिर निस्किए । त्यसपछि फेरि ढोकामा गएर आफन्तजनसँग बसियो । बिहानै छुट्याएका सामानहरू उहाँहरूलाई दियौँ । नाम्लो, ढाकाको टोपीहरू पनि केही सहिद परिवार र कार्यकर्ता परिवारको लागि तोकेर पठायौँ । ड्युटीमा बस्ने प्रहरीले किन यति धेरै सामान पठाउनुभयो भन्दै चासो लिँदै थियो । कुरैकुराले विश्वास मान्ने बनाइयो । आएका आफन्तहरू चार बजेतिर फर्किनुभयो ।

बेलुका ५ बजे मात्रै सुरुङको काममा पुग्यौँ । केही नमिलेका ठाउँ मिलाउनु मात्र थियो, बाँकी त अर्को दिन नै गर्न सकिन्थ्यो । कमला आधा घन्टामै आवश्यक ठाउँमा मिलाएर बाहिर निस्कनुभयो । मैले भित्र पस्ने तरिकाबारे बहिनीहरूलाई सिकाएँ । सम्भव भयो भने भोलिपल्ट एकचोटि सबै भित्र पसेर अभ्यास गर्ने पनि सल्लाह गर्‍यौँ । साँझ पर्न थालेपछि अलिकति छोडेर फलेजति तरकारी टिप्यौँ, धेरैजसो हाम्रै बन्दी दाजु-भाइलाई दियौँ । केही प्रेम दाइको श्रीमतीलाई बोलाएर दियौँ ।

साँझ खाना खाएर झ्याल काट्ने तयारी गर्‍यौँ । कहाँ-कहाँबाट काट्ने केही समयसम्म अड्कल गरियो । फेरि बीचको कोठामा जम्मा भई नाचगान र हाँसो-ठट्टामा समय बितायौँ । १ महिना पहिलादेखि नै रात्री ड्युटी निरन्तर चलिरहेको थियो । रीता ड्युटी गइहाल्नुभयो । राति ११ बजेतिर हामी सुत्यौँ ।

**जेलको अन्तिम रात**

रातभरि राम्ररी निदाउन सकिनँ । झल्याँस्स-झल्याँस्स ब्युँझिरहेँ । कहिले यता, कहिले उता कोल्टे फेर्दै जबर्जस्ती निदाउन खोजेँ तर सकिनँ । एक-एक गर्दै १४ महिना त त्यही कोठामा सुतेर बितेछ तर त्योजस्तो पट्यारलाग्दो र लामो रात कहिल्यै लागेको थिएन । मनभरि कुरा खेल्न थाले । जेल प्रवेशदेखिका हरेक गतिविधि र स्थिति एक-एक गर्दै मस्तिष्कको पर्दामा देखिन आइपुगे । लामो समय बसेपछि आफू बसेको माटोप्रति माया लागेर आउँछ भन्थे । मरुभूमिजस्तो लाग्ने यहाँको वातावरणमा हरियाली सौन्दर्य छाइसकेछ । सम्झिँदै कहाली लाग्ने जेल पनि प्यारो बन्न थालिसकेछ । दुश्मनका दमनपूर्ण व्यवहारहरू पनि पचिसकेछन् । आखिर मान्छेले चाहेमा परिवर्तन गर्न सक्दो रहेछ अनि आफू पनि परिवर्तन हुन सक्दो रहेछ । जेल छाड्ने कुराले पनि कताकता चस्स घोचेजस्तो नमीठो महसुस भयो । जेलका प्रत्येक कोठा, खेल्ने चौर, फूल र तरकारी अनि बन्दीहरू सबैप्रति माया उर्लेर आयो तर हामी धेरै उच्च जिम्मेवारी पूरा गर्न जानैपर्छ । म एक्लै आफैँसँग कुरा गरिरहेँ, भोलिको रातमा त हामी टाढै पुगिसक्छौँ, यो विस्तरामा हामी हुनेछैनौँ । बन्द पर्खालभित्र खुम्चिएर बसिरहने बाध्यता पर्नेछैन । इवात्ट मलाई आफ्नो जिम्मेवारीको स्मरणले झस्काइदियो । आफ्नो भूमिकाको सम्झनाले भित्रभित्रै चिमोट्न थाल्यो, अनि झनै छटपटी छुट्यो । चिटचिट पसिना आएझैँ भयो । अहिलेसम्म त जेनतेन अभिभावक नेतृत्वको भूमिका खेलेँ भन्ने लाग्छ, भोलिको दिनभरि कस्तो हुने हो ? सफल गर्न सकिएला कि नसकिएला ? फेरि सबै सम्पर्कमा पुग्न सकिने हो वा होइन ? बेचैन महसुस भयो । म जुरुक्क उठेँ । बहिनीहरू पल्टिरहनुभएकै थियो । हुन त सबै बहिनीहरू स्पष्ट र विश्वस्त हुनुहुन्छ । म आफैँलाई सान्त्वना दिँदै फेरि पल्टिएँ । यति बेला सञ्जुले बत्ती बाल्नुभयो, "दिदी निंद्रा लागेन ?"

"अहँ", म सुस्त बोलेँ ।

छिनभरमै सबै उठ्नुभयो । सायद उहाँहरू पनि निदाउनुभएको थिएन होला । बिहान ३ बजेको थियो । उठ्नासाथ बिजुलीको उज्यालोमा सबै बहिनीहरू कोठामा भएका प्रत्येक चीजलाई गहिरो गरी नियाल्न लाग्नुभयो । बिनाकारण कहिले एक ठाउँको सामान अर्को ठाउँमा सार्नुहुन्थ्यो । कतिपय सामान थन्काउनुहुन्थ्यो । कमला बजारबाट ल्याउने सामानको तालिका बनाउन थाल्नुभयो । के-के ल्याउनुपर्छ ? भन्दै भान्साकोठामा हेर्न जानुभयो । हामी पनि उठेर पछि-पछि लाग्यौँ । सधैँ टनाटन सामान भरिने भान्साका भाँडाहरू अहिले प्रायः रित्तै थिए ।

"भाँडाले पनि अब छिट्टै जाओ भन्दैछ", सबै भाँडा हेरेर कमलाले भन्नुभयो । गलल्ल हाँसो चल्यो एकछिन । अन्त्यमा पाँच किलो खसीको मासु ल्याउने भन्ने भयो । दिउँसो मासु र रोटीको नास्ता दाजुभाइलाई पनि खुवाउने सल्लाह गर्‍यौँ । उज्यालो पनि भइहाल्यो । त्यो जेलसँग बिदाइको दिन थियो । ढोका खुलेपछि बाहिर गएर १ घन्टा व्यायाम गरियो । प्रेम दाइलाई सामान ल्याउन बजार पठायौँ । सबै मिलेर चारैतिर सफा गरियो । त्यसपछि "आज हामी जाँदैछौँ" भनेर दाजु-भाइलाई चिट पठायौँ । उहाँहरूले आफूहरू जान नसक्ने खबर पठाइसक्नुभएको थियो । अब आशा नै मेटिएको थियो । त्यसैले हाम्रो काम अलि अपूरोजस्तो पनि लागेको थियो । समय छोटो तर दिनभरिमा धेरै काम-कुरा मिलाइसक्नुपर्ने थियो ।



उमा भुजेल 'शिलु'




**अन्तिम दिन : अन्तिम समीक्षा**

समयको अभाव हुँदाहुँदै पनि बिहान ७ बजेतिर छलफलमा जुट्यौँ । काम सुरु भएदेखि त्यस बेलासम्म साढे तीन महिनाको समीक्षा गर्‍यौँ र सम्पूर्ण बाँकी योजना तय गर्‍यौँ । सबै कमरेडहरूले अत्यन्त मार्मिक ढङ्गले सङ्क्षिप्त रूपमा विषय राख्नुभयो । समीक्षाको सार निम्नानुसार रह्यो :

**सकारात्मक पक्ष**

- योजना वैज्ञानिक रहेको
- वस्तुस्थितिको सही आँकलन गर्दै बदलिँदो परिस्थितिअनुसार आवश्यक कार्यनीति तय गर्न सक्नु
- प्रतिकूलतासँग सामना गर्दै पहलकदमी लिन सफल भएको
- विज्ञान र कलाको सही संयोजन गर्न सफल हुनु
- कामको तीव्रता र उच्चतासँगै हामीबीच मजबुत एकता र क्रान्तिकारी भावना पैदा हुनु

**सीमा र समस्या**

- आवश्यकता र क्षमताको गहिरो अन्तर देखापर्नु
- सिर्जनशीलताको अपर्याप्तता
- आवश्यक साधन जुटाउन स्रोतको अभाव रहनु

समग्रमा चुनौतीपूर्ण उच्च लक्ष्यप्रति अविचलित, चरम प्रतिकूलताका बाबजुद सबै कमरेडहरूको लगनशीलता, धैर्यता, साहस र आफ्नो भूमिकाप्रतिको गम्भीर दायित्वबोध एवम् इमानदारिताका कारणले मूलतः क्रान्तिकारी विचारप्रतिको प्रतिबद्धता, त्यसैअनुरूपको भावनात्मक र वैचारिक सङ्कल्पबद्ध एकता र हरदम बलिदानभावले नै हामी सफलताको त्यो सँघारमा आइपुगेका हौँ भन्ने निष्कर्षमा पुग्यौँ । त्यसपछि त्यो अन्तिम दिन रातभरिको योजना कोर्‍यौँ ।

**अन्तिम तयारीको योजना**

हामी त्यही रात निस्कने निर्णय गरिसकेका थियौँ, त्यसैले निम्नानुसार तयारी र कार्ययोजना तयार गर्‍यौँ :

(क) दिनभरि गरिसक्नुपर्ने तयारी

- सुरुङको तयारी - सबैले दिउँसै सुरुङमा पसेर अभ्यास गर्ने तथा सुरुङको बाहिरी मुखको अन्तिम ढुङ्गा निकाल्ने
- दुश्मनको गतिविधि बुझ्ने, सम्पूर्ण समय कडा ड्युटी गर्ने
- जेलका बाँकी सामग्रीको व्यवस्थापन, रहेका सामग्री दाजु-भाइ र आमा-दिदीलाई दिने
- छाडेर जाने सबैसँग भेटघाट, कुराकानी गर्ने र रातिको लागि चुस्त कपडा सर्ट, पाइन्ट लगाउने

(ख) रातको तयारी

- झ्याल फोड्ने सामानको तयारी, टेबुललाई चर्पीको झ्याल नजिक राख्ने
- निस्कने समय निर्धारण ठीक पौने १ बजे

(ग) टोली विभाजन र पार्टी सम्पर्क (बाहिर निस्केपछि)

६ जनालाई २ कमान्डमा विभाजन गरी पार्टी सम्पर्क खोजीमा जाने । जसअनुसार :

- उमा, सञ्जु र एञ्जिला : उमाको नेतृत्वमा बक्राङतिर जाने
- कमला, मीना र रीता : कमलाको कमान्डमा देउरालीतिर जाने
- सम्पर्क घर पनि निश्चित गरियो र यथाशक्य छिटो पार्टी सम्पर्क गर्ने

छलफल टुङ्ग्याएर हामी तुरुन्तै कार्यान्वयनतिर जुट्यौँ । करिब १० बजेतिर खाना खाएर हामी छ जना नै चौरमा बस्यौँ । "भोलि त यति बेला बक्राङमा जनतासँग भेटघाट गर्दै हुन्छौँ", सञ्जुले मौनता तोड्नुभयो ।

"हामी पनि यति बेला देउरालीमा साथीहरूसँग भेट गर्छौँ", कमलाले जवाफ दिनुभयो । एकछिनमा कमला र सञ्जुको रमाइलो भनाभन चल्यो । म, मीना, रीता र एञ्जिला चुपचाप बसिरहेका थियौँ । छलफलको कडी जोड्दै रीताले थोरै चिन्तामिश्रित भाव प्रकट गर्नुभयो, "हामी गएपछि यो जेल कस्तो बन्ला ? बल्लबल्ल फेरिन थालेको थियो" उहाँको भनाइमा वास्तवमै गम्भीरता थियो ।

"जस्तोसुकै होओस्", सञ्जुले उतिखेरै प्रतिक्रिया जनाउनुभयो ।

"तरकारी र फूल त छाड्नै मन लागेको छैन । कस्तो गर्मीमा पनि पानी राख्दै रोपेको, होइन त दिदी ?", कमलाले मेरो सहमति खोजेको आशय जनाउनुभयो ।

धेरैबेर कुरा चले । सहजै बोलिएको भए पनि कतिपय विषयले हामीलाई गम्भीर बनाउँथ्यो । कतिपयले उद्वेलन पैदा गरिदिन्थ्यो । कहिले हँसाइदिन्थ्यो । भावनाका छालहरू उठ्दै र बिलाउँदै गरिरहेका थिए । सबै कुराप्रति माया लागे पनि त्यसले वर्गसङ्घर्षको मैदानमा फर्कने तीव्र इच्छाशक्तिलाई जित्ने कुरै भएन ।

दिनको एक बजिसकेको थियो । नास्ता बनाउन हतारिँदै भान्साकोठामा पुग्यौँ । एकैचोटि तीनवटा स्टोभ बालेर पकाउन थाल्यौँ । एक घन्टामा सबै परिकार तयार गर्‍यौँ । सेलरोटी, मासु, अचार, फलफूल दाजु-भाइहरूलाई दियौँ । रोटी र मासु सेन्ट्रीमा खटिएका प्रहरीलाई पनि दियौँ । यत्रो रमझमको कारण दुशमनलाई सुइँकोसम्म रहेन । त्यसपछि हामी आठ जना सबै चौरमा बसेर खान थाल्यौँ । नास्ता पनि छिटोछिटो खायौँ किनकि समयले डाँडा काट्दै थियो । त्यही मौका छोपेर मीनाले आमा र दिदीलाई साडी, चोली, कुर्ता सुरुवाललगायत सामानहरू दिनुभयो ।

"किन यसो गर्दै हुनुहुन्छ ?", वासना दिदीले अनौठो मान्दै भन्नुभयो ।

कमला अघि सर्नुभयो, "हामीलाई त छाड्न पनि सक्छ, भोलि नै जेल सरुवा गर्न पनि सक्छ । अस्ति भर्खर लोकप्रसाद दाइलाई लग्यो । सुन्दैछौँ, हामी पनि सरुवा हुँदैछौँ रे ! त्यसैले यसो सम्झनामा दिएको ।" कमलाले विश्वास मान्ने गरी सम्झाएपछि उहाँहरू बोल्न सक्नुभएन । सैन्यविज्ञानका अनुसार हरेक घटना अघि र पछि त्यसले निश्चित प्रमाण र सङ्केत दिइरहेको हुन्छ । त्यसलाई बुझ्न सक्ने अथवा नसक्ने कुरा अलग हो । हाम्रो जेल तोड्ने योजनाले असरल्ल सङ्केत छोडेको थियो तर दुश्मन पङ्क्तिले भेउसम्म पाएको थिएन ।

समय निकालेरै भए पनि सबै दाजु-भाइलाई भेट्नुपर्ने थियो । हामी ढोकामा गयौँ । गोविन्द दाइ, बद्री दाइ, सन्देशलगायत सबै आउनुभयो । एक घन्टाजति ढोका वारिपारि बसेरै कुराकानी गर्‍यौँ । त्यही बेला थाहा पाएका दाजु-भाइले सफलताको शुभकामना लेखेर चिर्कटो पठाउन सुरु गर्नुभयो । शुभकामनाको वर्षा हुन थाल्यो । एउटै परिवार भएर बसेका हामी छुट्टिनुपर्दा निकै नरमाइलो र दुःख महसुस भएर आयो । उहाँहरू पनि त्यस्तै भाव व्यक्त गर्दै हुनुहुन्थ्यो । मन नलाग्दा-नलाग्दै पनि हामी ढोकाबाट फर्कियौँ ।

बेलुका पाँच बजे सुरुङतिर गयौँ । अन्तिम ढुङ्गा खोल्नुअघि ड्युटी गर्दै पालैपालो सुरुङमा अभ्यास गर्न क्रमशः सञ्जु, मीना, एञ्जिला र रीता सुरुङमा पस्दै निस्कँदै गर्नुभयो । झमक्क साँझ पर्‍यो । मान्छे चिन्न गाह्रो भइसकेको थियो । अरू भित्र कोठामा गयौँ । कमला सुरुङभित्र पस्नुभयो र बाहिर निस्कने ठाउँको अन्तिम ढुङ्गा झिकेर त्यहाँ बोराको बुझो लगाएर फर्किनुभयो । उहाँ सरासर भान्सामा आइपुग्दा हवल्दार ठिक्क ढोकाभित्र छिरिसकेको थियो । उसलाई पनि मासु र रोटी दियौँ । हवल्दार ढोका बन्द गरी फर्कियो । हामी खान खान थाल्यौँ ।

**अन्तिम गोल : बताउनै कठीन क्षण**

हामी सबै जना आमा-दिदीको कोठामा गई सँगै बस्यौँ । दश बजेपछि "हाम्रो काम छ" भन्दै कमला, सञ्जु र म कोठाबाट निस्कियौँ । मीना, रीता र एञ्जिला आमा र दिदीलाई नाचगानमा भुलाउन थाल्नुभयो । सात बजेबाटै नाच र गीत घन्कियो । नाचगान र टीभीको चर्को आवाजले कारागार गुञ्जायमान भयो । त्यही आवाजभित्र हामी तीन जनाले काम थालनी गर्‍यौँ । त्यही सानो हेक्सा ब्लेड र रामो (छिनो) लिएर चर्पीका झ्यालको छड काट्न थाल्यौँ । पहिला हामी थुनिएको भवनबाट मुक्त भएर मात्र सुरुङ खनेको ठाउँमा जान सक्थ्यौँ । सुरुङ त बाहिर चौरमा खनिएको थियो । पालैपालो ड्युटी बस्दै काटिरह्यौँ । उता बहिनीहरूले पनि आफ्नो भूमिका निभाइरहनुभएको थियो । एक घन्टापछि छडलाई रेट्यौँ

... बाँकी पृष्ठ ४ मा



जेलब्रेक गर्ने युवाहरू बायाँबाट क्रमशः सञ्जु अर्याल, कमला नहर्की, उमा भुजेल मीना मरहट्ठा र रिता बि.क.

# पहाड पन्छाउने यात्रा



खोमा तरामु मगर

एउटा प्रसिद्ध चिनियाँ कथामा एकजना बूढो मान्छेले दुईवटा पहाडलाई कोदालोले खनेर पन्छाइरहेको दृश्य छ । त्यो देखेर एकजना 'विद्वान्' ले बूढो मान्छेलाई उपहास गर्दै भन्छ, 'तिमी कस्ता मूर्ख मान्छे हौ, यसरी पहाड पन्छाएर कहिल्यै सकिन्छ त ? ती बूढा मान्छेले निर्धक्क जबाफ दिन्छन्, 'सकिन्छ । मेरो पालामा नसकिए छोराका पालामा सकिन्छ । छोराका पालामा पनि नसकिए नातीका पालामा सकिन्छ किनभने यी पहाडहरू कहिल्यै बढ्दैनन् । जति खनेर पन्छायो, उति घट्दै जान्छन् । यसरी घट्दै जाँदा एक दिन अवश्य सकिन्छ ।' ती बूढा मान्छे बाटो छेकेर उभिएको पहाड खनिरहन्छ । ती बूढा मान्छेको उच्च साहस, अटुट विश्वास, अविचल निष्ठा र अविराम सङ्घर्षले बाटो छेकेर उभिएका ती उच्च पहाडहरू एक दिन ढल्छन् । अर्थात् ती बूढा मान्छेको पहाड पन्छाउने सपना वास्तवमै पूरा हुन्छ र उसले आफूलाई मूर्ख नभएको सिद्ध गर्छन् ।

चिनियाँ जनवादी क्रान्ति सम्पन्न हुनुपूर्व (११ जुन, १९४५ मा) प्रकाशित चिनियाँ प्रसिद्ध कथा हो यो । यो कथालाई कमरेड माओ त्सेतुङले चिनियाँ कम्युनिस्ट पार्टीको सातौँ महाधिवेशन समापनका सन्दर्भमा आफ्ना कार्यकर्तालाई सुनाउनुभएको थियो । कथा निकै रोचक छ र नयाँ पुस्ताका लागि उत्तिकै प्रेरणादायी पनि । कथामा क्रान्तिकारीहरूलाई पहाड पन्छाउने मूर्ख मान्छेका रूपमा प्रस्तुत गरिएको छ । उत्तरी चीनको थाएहाङ र वाङ्उ नाउँका दुई ठूला पहाडहरूलाई सामन्तवाद र साम्राज्यवादको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । मैले यहाँ यो रोचक प्रसङ्गलाई किन जोडेको हुँ भने क्रान्तिकारीहरूले क्रान्तिको बाटो छेकेर बसेका ठूला पहाडहरूलाई पन्छाउनु पर्नेछ । अर्थात् हामीले आफूलाई उत्तरी चीनमा बस्ने एउटा मूर्ख बूढो मान्छे साबित गर्नुछ । कमरेड माओ त्सेतुङले महाधिवेशनबाट कार्यक्षेत्रमा फर्किन लागेका कमरेडहरूलाई उत्साहित गर्न यो कथा उल्लेख गर्नुभएको थियो । अहिले हाम्रो अगाडि रहेका दुई ठूला पहाडहरू दलाल पुँजीवाद र साम्राज्यवादको शोषणकारी राज्यसत्तालाई पन्छाउनु पर्नेछ ।

हामीले यी पहाडहरू पन्छाउन नयाँ पार्टी निर्माण गर्‍यौँ । अर्थात् नेकपाको निर्माण गर्‍यौँ । यसक्रममा पाँच आधारलाई सुदृढ गर्दै चार क्षेत्रमा कार्यान्वयन गर्न कम्युनिस्ट स्कुलिङ चलायौँ । हाम्रो क्षेत्र लुम्बिनी र धौलागिरितिर थियो । अर्थात् हामी राज्यद्वारा घोषित र अघोषित प्रतिबन्धका पहाडहरूलाई चिर्दै सुनौलो आभा छरेर फैलिएको क्रान्तिको क्षितिजतर्फ झोलामा किताब बोकेर स्कुल अभियानमा निस्कियौँ । यो अभियानमा सयौँ कमरेडको सहभागिता रह्यो । अर्थात् यो पर्वत पन्छाउन निस्किएका यात्रीहरूको एउटा लङमार्च थियो । यो यात्रा एकीकृत जनक्रान्तिलाई तेजोबध गर्ने एउटा वैचारिक म्याराथन थियो । क्रान्तिका विरुद्ध बन्दुक बोकेर फासिवादी दमनमा उत्रिएको जनविरोधी र शोषणकारी राज्यसत्ताको षड्यन्त्रलाई चिरेर हामीले आफूलाई मूर्ख सिद्ध गर्नुपर्ने थियो । त्यसकारण हामी भिन्न यात्रामा निस्कियौँ- एउटा गहन जिम्मेवारी बोकेर । हामीलाई थाहा छ, हाम्रो हृदयमा सपना छउन्जेल, आगो रहुन्जेल यात्रा रोकिँदैन । निभेको छैन रगतसित गाँसिएका सपनाहरू । यही अधुरा सपनाहरूले हामीलाई दोहोर्‍यायो त्यो सपनाको भन्ज्याङतिर । अर्थात् जनताको गाउँबस्तीतिर । यही क्रममा भए कैयौँ चिन्तन र वैचारिक विमर्शहरू । स्कुल अभियानका क्रममा कयौँ कमरेडसित भएका ती महत्वपूर्ण विमर्शहरूले क्रान्तिलाई अगाडि बढाउन प्रेरणा दिइरहेको छ । ती विमर्शहरूले पार्टीलाई थप सुदृढ बनाएको छ । यो अहिले निरन्तर जारी छ र अझ घनीभूत बनाउँदै जानुपर्छ ।

एउटा वास्तविक मानवताको खोजीमा जहाँ दुष्टहरूको हैकम हुन्न, शोषकहरूको डसाइ हुन्न र दुर्भिक्ष हराएको हुन्छ । अन्यायका रातहरू फेरिएका हुन्छन् । मान्छेबीच समान व्यवहार र स्वतन्त्रताको धुन गुन्जिन्छ । पसिनाको मूल्य जहाँ सर्वाधिक माथि हुन्छ । यस्तै आकाङ्क्षा र स्वप्नहरू सजाएर हामी निस्किएका थियौँ यो पार्टी निर्माण गर्न । दलाल, ठग र बेइमानहरूका विरुद्ध यो यात्रा जारी छ । एउटा उदात्त स्वतन्त्रता प्राप्त गर्ने आकाङ्क्षा छ जनताको हृदयमा । दुस्मनका जेलनेल, हिरासत, यातनाका असीमित यन्त्रणा र चक्रवात झेल्ने आँटको चट्टानी छाती छ हामीसँग । राज्यको घोषित/अघोषित प्रतिबन्ध र बन्दुकको घेराबन्दीले क्रान्ति रोकिएन । बरु सहरदेखि गाउँसम्म मानव जङ्गलभित्र पस्दै गएको छ । पार्टीभित्र शुद्धीकरण तीव्र हुँदै गएको छ र यसले पार्टी सङ्गठनलाई थप सुदृढ बनाउँदै लगेको छ । हामीलाई अझ निष्ठामा दृढ बनाउँदै लगेको छ । मालेमावादी सिद्धान्त र एकीकृत जनक्रान्तिको कार्यदिशा व्यवहारमा प्रयोग हुँदै गएको छ । अर्कोतिर दलाल राज्यसत्ताको वर्गीय शोषणविरुद्ध चौतर्फी घृणा पोखिएको छ । विश्वदृष्टिकोणबारे नयाँ बहस चलेको छ र विचारको आभा थप उज्यालिँदै गएको छ । पार्टी निर्माणका क्रममा चलेको कम्युनिस्ट स्कुल यसैमा केन्द्रित छ र जारी छ ।

'कम्युनिस्ट स्कुल' कम्युनिस्ट जीवनको आधार निर्माण गर्ने विश्वविद्यालय हो । पार्टी र सिङ्गो समाजलाई कम्युनिस्टकरण गर्ने पाठशाला हो । अहिले हामी मालेमावादको रक्षा, प्रयोग र विकासको प्रक्रियामा छौँ । पार्टीको आठौँ महाधिवेशनले पुरानो स्कुलमा क्रमभङ्ग गरी नयाँ स्कुल प्रारम्भ गरेको छ र एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशालाई जनताबीच लैजान निर्देशित गरेको छ । पुरानो स्कुल भनेको संशोधनवाद, नवसंशोधनवाद र जडसूत्रवादी स्कुल हो । नयाँ स्कुल भनेको 'संसारलाई बुझ्ने र बदल्ने मात्र हैन, मुख्य कुरा बदलिएको वस्तुको रक्षा र विकास गर्ने' दार्शनिक मान्यतामा विकसित भएको क्रान्तिकारी स्कुल हो । त्यसकारण 'कम्युनिस्ट स्कुल' विश्वदृष्टिकोणसँग सम्बन्धित विश्वविद्यालय हो ।

कम्युनिस्ट स्कुल अभियान प्रतिबन्धको अवधिमा करिब ३० महिना लगातार चल्यो । धनरूप-सनराइज केन्द्रीय स्कुलबाट सुरु भएको यो अभियानमा हामीले आफ्नो कार्यक्षेत्रमा दुस्मनका सयौँ अवरोध र घेराबन्दीहरूलाई छिचोल्दै स्कुलहरू सानदार रूपमा सम्पन्न गर्‍यौँ । लुम्बिनी, गण्डक र धौलागिरि क्षेत्रमा करिब ३०० भन्दा बढी प्रतिनिधिमूलक कमरेड सहभागी भयौँ । कम्युनिस्ट स्कुलका बिषयहरू थिए- दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद, सौन्दर्यशास्त्र, वैज्ञानिक समाजवादअन्तर्गत- सैन्य विज्ञान, सूचना सञ्चार तथा विज्ञान र प्रविधि, कम्युनिस्ट र विश्व-दृष्टिकोणबारे, ब्रह्माण्ड र मानव समाजबारे, सङ्गठनात्मक सिद्धान्त, एकीकृत जनक्रान्ति र वर्गसङ्घर्षबारे । केन्द्रीय स्कुल विभागले तीन तहको पाठ्यक्रम निर्माण गरेर स्कुललाई अगाडि बढायो । स्कुलसित सम्बन्धित विभिन्न अध्ययन सामग्रीहरूको अनुवाद र प्रकाशनलाई व्यवस्थित गर्न सुरु गर्‍यो । स्कुल अभियानले देशभरका कमरेडहरूमा नयाँ उत्साह, जोशजाँगर, राजनीतिक वैचारिक बिषयहरूप्रति जागरुक, सामूहिक अध्ययन संस्कृति र अन्तरक्रियाको विकास, सिर्जनशील र क्रान्तिप्रति प्रतिबद्ध बनायो । अर्थात् यसले सिद्धान्त र व्यवहारलाई जोड्ने काम गर्‍यो । यो अवधिमा पार्टीले प्रतिरोध सङ्घर्षलाई पनि तीव्र बनाउँदै लग्यो । अर्कोतिर दुस्मनले हाम्रा शुभचिन्तक, समर्थक, नेता-कार्यकर्तालाई धरपकड गर्ने, मध्यरातमा घरमा छापा मार्ने, मृत्युसँग लडिरहेका कमरेडहरूलाई अस्पतालबाटै गिरफ्तार गर्ने, प्रहरी अप्रेसन, घेराबन्दी गर्ने, पक्राउ गर्ने, झूट्टा मुद्दा लगाउने, अदालतबाट पुनः पक्राउ गरी नक्कली मुद्दा खडा गर्ने र विभिन्न जिल्ला घुमाउने, हिरासत, जेलनेलमा पाशविक यातना दिने, खुट्टामा गोली हान्ने, हातखुट्टा भाँच्नेजस्ता निकृष्ट हर्कतहरू गर्‍यो । यसक्रममा हाम्रा १२ जना कमरेडहरूको सहादत भयो । कुमार, सनराइज, महान, दीपेन्द्र, निरन्तर, प्रज्वल, धनरूप, निरकुमार, राजु, रामकुमार, राजेश, जगत्‌जस्ता महान् सहिदहरूका ऊर्जा र निष्ठा, पहाडजस्तो चट्टानी आस्था, कहिल्यै विस्मृत हुन नसक्ने त्यो उत्सर्ग, त्यो बलिदानी रगतको प्रगाढ रङ, त्यो सहर्ष जीवनका लागि रोजिएको मृत्युञ्जयी सपना अहिले झन् शिखरतिर चुलिँदै गएको छ । त्यो उदात्त, भव्य र सौन्दर्यबिम्ब बनेर जनताका हृदयमा सल्बलाएको छ । त्यसैले क्रान्ति ढलेको छैन, कहिल्यै ढल्दैन पनि । पूरा भएको छैन सहिदले बगाएको रगतको सपना अर्थात् बिर्सिन सकिन्न त्यो गौरवपूर्ण बलिदानी गाथा ।

अहिले सरकारसित भएको ३ बुँदे सहमतिपछि पनि क्रान्ति भिन्न ढङ्गले जारी छ । वार्ता पनि सङ्घर्षको एउटा मोर्चा हो । वार्ताबारे कमरेड लेनिनले भन्नुभएजस्तै 'एउटा क्रान्तिकारी पार्टीका लागि सबै किसिमका सम्झौता अस्वीकार गर्नु असम्भव छ, बरु सम्झौताहरू अनिवार्य छन् भने यी सम्झौताहरूमा आफ्ना सिद्धान्तहरू, आफ्नो वर्ग, आफ्नो क्रान्तिकारी उद्देश्य, क्रान्तिको तयारी गर्ने र क्रान्तिको विजयका लागि जनसमूहलाई प्रशिक्षित गर्दै लैजाने कार्यभारप्रति आफ्नो निष्ठा कायम राख्नुपर्छ ।' (सम्झौताहरूबारे, १९१७) । छुङकिङ सम्झौता-वार्तापछि येनान फर्किएर कार्यकर्तालाई निर्देशन दिँदै कमरेड माओ त्सेतुङले भन्नुभएको थियो, 'हामी कम्युनिस्टहरू बिउजस्तै हौँ र जनता माटोजस्तै हुन् । जहाँसुकै भए पनि हामीले जनतासित एकताबद्ध हुनैपर्छ, तिनको माझमा जरा गाड्नु र फुल्नुपर्छ ।' प्रतिक्रियावादीहरूले जतिसुकै दुत्कारे पनि हामीले महान् गुरुहरू कमरेड लेनिन र माओको भनाइलाई अनुसरण र आत्मसात गर्नुपर्छ । हामी विचारमा सतिसाल भएर उभियौँ भने क्रान्ति रोकिनेछैन । क्रान्ति कसैको धारेहातले रोकिनेवाला छैन । झिँगाहरूले सराप्दै गर्छन्-क्रान्तिलाई, तर तिनका सरापले डिङ्गा मर्नेवाला छैन । ढल्दैनन् यी चट्टानी छातीहरू- आवेग, आक्रोश र नौरङ्गी अवसरवादका स्वार्थी शब्दबमनले । षड्यन्त्रका बान्ताले क्रान्तिका सपना पखाल्न सक्दैन । दमनको चक्रवाती आँधीले क्रान्ति पराजित भएको इतिहास छैन । हामी मृत्यु रोजेर आगो ओकल्न निस्किएका मान्छे हौँ । महासचिव कमरेड विप्लवले भनेजस्तै सत्य बुझेपछि मृत्यु पनि प्रिय हुँदोरहेछ । यो महान् यात्रामा सहरदेखि गाउँसम्म जनताको रगत, श्रम, आँसु, पसिना सबै मिसिएको छ । चिनियाँ कथामा भनिएझैँ कसले रोक्न सक्छ यो पहाड पन्छाउने यात्रा ? कसले छेक्न सक्छ क्रान्तिको अविराम सपना ? त्यो त हुटिट्याउँले आकाश थाम्ने व्यर्थको सपना मात्रै हो किनकि हामीसित उदात्त सपना छ, हृदयमा बलिदानीपूर्ण भावना छ । अर्थात् यो आगोको बीज हो, दुष्टहरूको दरबारमा सल्किँदै जान्छ । कूपमण्डुकहरूले उत्सर्गको विराट आकाश कसरी देख्न सक्छन् र ! क्रान्ति, बलिदानको उचाइ र त्यागको गहिराइ स्वार्थका तुच्छ अणुहरूले आँकलन गर्न सक्दैनन् । कसैलाई दासताका विरुद्ध ब्युँझेको स्वाभिमान अप्रिय लाग्न सक्छ तर सत्य डग्दैन र ढल्दैन । हाम्रो पार्टी निर्माण र स्कुल अभियान यसैमा केन्द्रित थियो र छ ।

सत्यको निरूपण र जीवनको सत्यबोध गर्ने पाठशाला हो कम्युनिस्ट स्कुल अभियान । हामीले एकातिर असत्य, बेइमान र निशाचारहरूविरूद्ध सङ्घर्ष गर्न विचारधारात्मक कम्युनिस्ट पाठशाला चलायौँ । अर्कोतिर महान् सहिदहरूको बलिदानीपूर्ण उत्सर्गले क्रान्ति झन्-झन् प्रिय, औचित्यपूर्ण र आलोकित हुँदै गयो । वीरहरूको अदम्य साहसले खन्दै गरेको यो पथको गन्तव्यमा नपुग्दासम्म क्रान्ति रोकिनेछैन । अहिले दलालहरूको हिमप्रपात गरिब झुप्राहरूमाथि बर्सिन रोकिएको छैन । गरिबका झुप्राहरूमा आइसकेको छैन वसन्तको ऋतुउत्सव । अहिले वार्तापछि गाउँबस्तीहरूमा क्रान्तिको नयाँ लहर आएको छ भने दलालहरूको श्वेतक्षेत्रमा नयाँ भूकम्पन । अन्तिम गन्तव्यमा नपुग्दासम्म मेटिनेछैन क्रान्तिको गरिमाबोध । एउटा क्रान्ति असफल हुनसक्छ तर यसको ऐतिहासिक मूल्यबोध समाप्त हुन सक्दैन । एउटा क्रान्तिकारी ढल्नसक्छ तर उसले देखेको सपना ढल्दैन । दुईचारजना गद्दारहरू सडेगले भन्दैमा कसैले क्रान्ति ढलेको देख्छ भने त्योभन्दा मूर्ख अरु के हुन सक्छ ?

चिनियाँ कथामा भनेजस्तै अहिले हाम्रो जिम्मेवारी भनेको धर्मराउँदै गएको दलाल पुँजीपति वर्गको शोषणकारी राज्यसत्ताविरुद्धको सङ्घर्षलाई तेजबोध गर्नु हो । मालेमावादी सिद्धान्त र पार्टी कार्यदिशाको प्रचार र त्यसलाई लागू गर्न तमाम पार्टी सदस्य र श्रमजीवी वर्गको बीचमा पुग्नु हो । हामी आआफ्नो कार्यक्षेत्र र मोर्चाहरूमा खटेर पार्टी कार्यदिशाको प्रचार र यसबारे जनतालाई प्रशिक्षित गर्ने, विश्वास जगाउने र वर्गदुस्मनका विरुद्ध चेतना जागृत गराउनु हो । विगतका स्कुलहरूले क्रान्तिको प्रचार त गर्‍यो तर ती कतिले पञ्चायतको फेरो समाए, कति संसदीय व्यवस्थामा विसर्जित हुन पुगे । उनीहरू अहिले विगतप्रति पश्चाताप गरिरहेका छन् । हामीले यी पुराना स्कुलहरू भङ्ग गरेर नयाँ कम्युनिस्ट स्कुल चलायौँ र पार्टीलाई नयाँ जीवन दियौँ । अर्थात् दुनियाँ बदल्ने यो अभियानमा क्रान्तिको बाटो छेकेर उभिएका अजङ्ग पहाडहरू पन्छाउँदै अविराम अघि बढिरहेको छ । र, यो यात्रा जनताका सपनाहरू पुरा नहुँदासम्म अविच्छिन्न अगाडी बढिरहनेछ । ०००

कविता

## लालकिल्लामा झन्डा फहरायो



ओमप्रकाश पुन

भारतले ७२ औँ गणतन्त्र दिवस मनायो
मोदीतन्त्रले साम्राज्य चलायो
धर्तीमा किसान आन्दोलन दबायो
भारतीय किसान आन्दोलन उठ्यो
लालकिल्लामा किसानले धावा बोल्यो
लालकिल्लामा किसान झन्डा फहरायो
हँसिया हतौडाको झन्डा उठायो
भारतीय साम्राज्यवादको छातीमा
भारतीय किसानले रगत बगायो
मुक्तिको निम्ति बलिदान दियो
अमेरिकामा ट्रम्पतन्त्र ढल्यो
भारतमा मोदीतन्त्रका शिर झुक्यो
किसान आन्दोलनले गणको शिर उठायो
लालकिल्लामा हँसिया हतौडाको झन्डा
फहरायो
नेपालमा हो ओलीतन्त्र आयो
नागरिक आन्दोलनले पाइला उचाल्यो
ओलीतन्त्रले पानीका फोहरा बर्सायो
उख्खान टुक्का हाल्दै दुनियाँ हसाँयो
ओलीतन्त्र पशुपतिनाथ गयो
कम्युनिस्ट पार्टीको झन्डा पशुपतिमा बुझायो
त्यहीँबाट ओलीतन्त्र बोल्यो
मै हुँ महादेवको अवतार भन्यो
म आय पशुपतिमा देवराज भयो
अब सबैलाई भाङ धतुरो खुवाएर
विश्व शक्ति राष्ट्र कल्याण गर्छ भन्यो
मेराविरुद्ध बोल्नेहरू सबै
अराजक र अराष्ट्रिय तत्व हुने भन्यो
राष्ट्र र राष्ट्रियताविरोधी हुने भयो
म आकाशको पानी रोकिदिन्छु भन्यो
म नदीको पानी बेचिदिन्छु भन्यो
म किसानको खेतीपाती सुकाइदिन्छु भन्यो
हो अमेरिकामा ट्रम्पतन्त्र गयो
भारतमा मोदीतन्त्र झुक्यो
तर नेपालमा ओलीतन्त्र उठ्यो
गणतन्त्रको शिर झुक्यो
त्यसैले त नेपालमा हेर
फेरि तेस्रो जनआन्दोलन उठ्यो
गाउँ र सहरलाई जोड्ने
फेरि अर्को जनयुद्ध उठ्यो !

**कैलाली, कारागार**
माघ १३

# नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) बीच सैद्धान्तिक विषयमा छलफल

**शेरबहादुर विश्वकर्मा**

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी र नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) बीच आज सम्पन्न छलफल दुई सैद्धान्तिक एजेन्डामा केन्द्रित भएको छ । बागबजारमा सम्पन्न छलफलमा नेपाल कम्युनिस्ट पार्टीका तर्फबाट प्रवक्ता प्रकाण्ड र केन्द्रीय सदस्य मिलन सहभागी थिए भने क्रान्तिकारी माओवादीका तर्फबाट स्थायी समिति सदस्य सीपी गजुरेल र इन्द्रमोहन सिग्देल सहभागी थिए ।

नेकपाका प्रवक्ता प्रकाण्डका अनुसार आजको बैठक कम्युनिस्ट पार्टीहरूबीचको व्यापक ध्रुवीकरण र एकीकरण तथा रणनीतिक मोर्चाका आगामी कामहरूलाई थप प्रभावकारी र व्यवस्थित गर्नेबारे केन्द्रित रहेको थियो ।

नेपालको क्रान्ति, विश्व-परिस्थितिको मूल्याङ्कन, राजनीतिक एवम् फौजी कार्यदिशा, अन्तर्राष्ट्रिय पुँजीवादको वैज्ञानिक विश्लेषण, नेपाली समाजको दलाल पुँजीवादसँगको प्रमुख अन्तरविरोध र वैज्ञानिक दृष्टिबारे रहेका बुझाइहरूलाई छलफल, बहस र अध्ययनको प्रक्रियाद्वारा हल गर्ने उद्देश्यले यसअघि दुई पार्टीबीच सम्पन्न बैठकले कार्यदलसमेत गठन गरेको थियो ।

बैठकमा प्रवक्ता प्रकाण्डले पार्टीले अघि सारेका दर्शनशास्त्रका क्षेत्रमा द्वन्द्ववादको एक प्रमुख नियम विपरीतहरूबीचको एकत्व र सङ्घर्षको नियमलाई थप विकसित गर्दै सजातीय र घुलनशीलबीचको एकताका रूपमा पार्टीलाई बुझिनुपर्ने, राजनीतिक अर्थशास्त्रका क्षेत्रमा आजको साम्राज्यवादलाई उत्तरसाम्राज्यवाद भन्नुका साथै समाजवादी उत्पादनप्रणालीमा पार्टीले अघि सारेका आर्थिक सिद्धान्तहरू, नेपाली क्रान्तिको आगामी कार्यदिशा वैज्ञानिक समाजवाद र सामरिक कार्यदिशा एकीकृत जनक्रान्तिको अपरिहार्यता, समाज रूपान्तरणमा कम्युनिस्ट पार्टीको मुख्य नेतृत्वदायी भूमिका, क्रान्तिकारी आन्दोलनमा नेतृत्व निर्माण र विकास एवम् नेतृत्वको भूमिकासम्बन्धी मुख्य सैद्धान्तिक बहसहरूबारे आफ्नो व्याख्यात्मक धारणा राखेका थिए ।

क्रान्तिकारी माओवादीका तर्फबाट कार्यदलमा सहभागी सीपी गजुरेलले आफ्नो पार्टीको नीति, सैद्धान्तिक पक्षहरूबारे बुझाइ र नेपाली क्रान्तिको कार्यदिशाबारे आफ्नो पार्टीको धारणा राखेका थिए ।

मोहन वैद्य 'किरण' ले नेतृत्व गरेको क्रान्तिकारी माओवादीले नेपाली क्रान्तिको राजनीतिक कार्यदिशा नौलो जनवाद र सामरिक कार्यदिशा जनयुद्धको जगमा जनविद्रोह मान्दै आएको छ । सन् १९३६ वरिपरि चिनियाँ क्रान्तिका नायक माओ त्सेतुङले तत्कालीन चिनियाँ समाजको वर्गविश्लेषण गर्दै नौलो जनवादको व्याख्या गर्नुभएको थियो भने १९५४ मा क्रान्ति सम्पन्न भएको छ वर्षपछि माओ स्वयम्‌ले नौलो जनवादअन्तर्गत राष्ट्रिय पुँजीको विकास गर्ने कार्यक्रम लामो हुँदै जाँदा कम्युनिस्ट पार्टीभित्र वर्गउत्थान भएर प्रतिक्रान्ति हुने खतरा देखेपछि समाजवादको सङ्क्रमणको कार्यदिशा अवलम्बन गर्नुभएको थियो ।

नेपाल कम्युनिस्ट पार्टीले एकातिर १९३६ को समय र आजको विश्व-परिस्थितिमा व्यापक परिवर्तन आइरहेको तथा नौलो जनवादी कार्यक्रम लम्बिँदै जाँदा प्रतिक्रान्तिको पूर्वाधार बन्दै जाने चिनियाँ क्रान्तिको शिक्षालाई आत्मसात गर्दै नयाँ जनवादी क्रान्तिका कतिपय कार्यभार क्रान्तिकै प्रक्रियामा पूरा गर्दै नेपाली क्रान्तिको राजनीतिक कार्यक्रम सीधै वैज्ञानिक समाजवाद हुने बताउँदै आएको छ । नेपालको वर्तमान सन्दर्भ र समाजवादको नेपाली प्रारूपबारे नेकपाले निकट भविष्यमा आफ्ना धारणा सार्वजनिक गर्ने भएको छ । नेकपा र नेकपा (क्रान्तिकारी माओवादी) को कार्यदलको आजको छलफल प्रभावमूलक एवम् सकारात्मक रहेको र कार्यदलको अर्को बैठक छिट्टै बस्ने सहमति भएको बताइएको छ ।

# युवा सङ्‌गठन बागलुङको भेला सम्पन्न

**बागलुङ** : युवा सङ्गठन नेपाल बागलुङको प्रथम जिल्ला भेलाले सुन्दरको नेतृत्वमा २७ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

'राष्ट्रघात, जनघात, भ्रष्टाचार र लागूऔषधका विरुद्ध सङ्घर्ष गरौँ ! एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवादका पक्षमा प्रथम जिल्ला भेला भव्य रूपमा सफल पारौँ !!' नाराका साथ युवा सङ्गठन, नेपाल बागलुङको जिल्ला भेला सम्पन्न भएको हो ।

कार्यक्रमको प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सदस्य एवम् धौलागिरि ब्युरो इन्चार्ज ध्रुव घिमिरे 'विप्लव' थिए भने अतिथिहरू युवा सङ्गठन नेपालका केन्द्रीय महासचिव सागर, नेकपा बागलुङ जिल्ला इन्चार्ज आकाश, नेकपा बागलुङ जिल्ला सेक्रेटरी क्रान्ति, युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य तथा धौलागिरि ब्युरो इन्चार्ज विजयकुमार रहेका थिए ।

सुन्दरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन नेत्र शाहीले गरेका थिए ।

# किसान महासङ्‌घको अध्यक्षमा पौडेल

**कपिलवस्तु ।** नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) कपिलवस्तुको प्रथम भेला सम्पन्न भएको छ । भेलाले गणेश पौडेलको अध्यक्षतामा ९ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । समितिको सचिवमा तलसिम खान मुसलमान र कोषाध्यक्षमा बुद्धिराम यादव रहेका छन् ।

भेलालाई सम्बोधन गर्दै राष्ट्रि थारु मुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष सङ्घप्रसाद थारुले उत्पीडित किसानहरूको हकअधिकार स्थापित गर्न एकीकृत सङ्घर्ष आवश्यक रहेको बताए । त्यसका लागि किसानहरू सङ्गठित हुन आवश्यक रहेको उनको भनाइ थियो । उनले दलाल पुँजीवादले किसानहरूको शोषण गरिरहेको भन्दै वैज्ञानिक समाजवाद प्राप्त नहुँदासम्म शोषण जारी रहने बताए ।

नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै नेकपा कपिलवस्तुका सेक्रेटरी शेरमानले कपिलवस्तुको किसान आन्दोलनलाई अगाडि बढाउन नयाँ समितिले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने र सङ्घर्षबिना किसान अधिकार प्राप्त नहुने बताए ।

भेलामा किसान महासङ्घ (क्रान्तिकारी) लुम्बिनी ब्युरो संयोजक कर्ण सेन, नेकपा कपिलवस्तु नगरपालिका सेक्रेटरी मङ्गल थारू, मायादेवी गाउँपालिका सेक्रेटरी क्रिपाल कोरीले किसान हकहित र आन्दोलनका बारेमा बोलेका थिए । क्रिपालको सञ्चालन र केशरीनन्दन कुर्मीको अध्यक्षतामा भेला सम्पन्न भएको थियो ।

## आमूल परिवर्तनका ....

पत्रकारिता तालिम उद्घाटन गर्दै नेकपा नेता कञ्चनले विद्यमान संसदीय व्यवस्था अन्त्य गरी मुलुकको आमूल परिवर्तनका लागि जनपक्षीय पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको बताएका हुन् ।

'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा हाम्रो ऐक्यबद्धता, मानवअधिकारको रक्षा र सामाजिक उत्तरदायित्वका लागि जनपत्रकारिता' नारासहित रातो खबर प्रकाशन गृह प्रालि र जनपत्रकार सङ्गठनले तीनदिने आधारभूत पत्रकारिता तालिम आयोजना गरेका हुन् ।

नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य कञ्चनले दीप प्रज्वलन गरेर तालिमको उद्घाटन गरेका थिए । कञ्चनले पत्रकारिताका विभिन्न आयामहरू भएको र यसले देश र समाजलाई कतातिर लैजाने भन्ने विषयमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । दलाल पुँजीवादी उत्पादन सम्बन्धले गाँजेको हाम्रोजस्तो देशमा पत्रकारिताको जिम्मेवारी जनतालाई बुझाउने भएको भन्दै नेता कञ्चनले जनपक्षीय पत्रकारिताले देश र जनताका आवाज बुलन्द गर्नुपर्ने बताए ।

समसामयिक राजनीतिक विषयमा प्रशिक्षणमूलक मन्तव्य राख्दै नेता कञ्चनले हालै नेपाल सरकार र आफ्नो पार्टीबीच भएको तीनबुँदे सहमति कार्यान्वयनको चरणमा अघि बढिरहेको बताए । सरकारले सबै बन्दीहरूलाई रिहा गर्नेमा सबैको विश्वास रहेको र सबै नेता-कार्यकर्तालाई एकैसाथ रिहा गर्ने प्रक्रियामा सरकार गएको उनले बताए ।

समाज व्यवस्थाको मुख्य आधार अर्थतन्त्र भएकाले यसलाई नबदलीकन उपरिसंरचना मात्रै बदलेर सबैखाले समस्याको समाधान नहुने धारणा राख्दै कञ्चनले समाज व्यवस्था बदल्नका लागि सम्पूर्ण आधार बदल्नुपर्ने बताए । यसका विषयमा आफ्नो पार्टी सबैसँग निरन्तर छलफलको प्रक्रियामा रहेको भन्दै कञ्चनले नेपालमा कस्तो राज्यप्रणाली आवश्यक छ भन्ने विषयमा आफ्नो पार्टी जनतामा खुला रूपले बहस गर्न तयार भएको बताए । नेपालमा विभिन्न समयमा भएका सङ्घर्ष र आन्दोलनहरूले आंशिक रूपमा परिवर्तन गरे पनि आधारभूत आर्थिक संरचनामा परिवर्तन नभएकाले आमूल परिवर्तन आवश्यक भएको उनले बताए । आर्थिक आधार परिवर्तन नभएसम्म उपरिसंरचना मात्र परिवर्तन गरेर देशले गति लिन नसक्ने भन्दै उनले आमूल परिवर्तन देशको आवश्यकता भएको बताए ।

नेता कञ्चनले भने, 'राजनीतिक उपरिसंरचना र आर्थिक आधारमा भएका समस्याहरूका बारेमा हामी सबै पक्षसँग निरन्तर छलफल गर्नेछौँ । देश अहिले दुष्चक्रमा फसेको छ । देश अकाल, भोकमरी, अशिक्षा, भ्रष्टाचारको चङ्गुलमा फसेको छ । नेपालमा आंशिक रूपमा केही परिवर्तनहरू भए । नेपालमा विश्वेश्वरप्रसाद कोइरालाले नेतृत्व गरेको सङ्घर्षबाट सात सालपछि केही परिवर्तन भयो । पञ्चायत कालमा केही परिवर्तन भयो तर आमूल परिवर्तन जनताको अपेक्षा छ ।'

नेता कञ्चनले जोड दिँदै भने, 'नेपालको यही संसदीय प्रणालीमा नेपाल कम्युनिस्ट पार्टी सहभागी हुँदैन ।' यही सरकार अथवा व्यवस्थामा आफ्नो पार्टी सहभागी हुने भनी चलाइएको हल्ला नियोजित दुष्प्रचार रहेको नेता कञ्चनको भनाइ थियो । उनले यही सरकार र सत्तामा गएमा आफ्नो पार्टी अरू पार्टीभन्दा फरक नहुने भन्दै कञ्चनले आफ्नो पार्टी कसैसँग मिलेर सरकारमा जाने वा चुनाव लड्ने खेलमा नलाग्ने बताए । साथै उनले देशका सबै क्रान्तिकारी शक्तिहरूलाई एकताबद्ध गरेर बृहत् कम्युनिस्ट क्रान्तिकारीहरूलाई समावेश गर्न सकिने बृहत्तर एकताका पक्षमा रहेको बताए ।

जनताको सबैभन्दा उत्तम व्यवस्था वैज्ञानिक समाजवाद निर्माण गर्नका लागि आफ्नो पार्टीले जनमतसङ्ग्रहको प्रस्ताव अघि सारेको र यसलाई जनताको बीचमा लगेर व्यापक छलफल गर्ने नेता कञ्चनले बताए ।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुनले पुँजीवादी विश्वमा स्वतन्त्र पत्रकारिता देखाउने दाँत मात्र भएको बताए । उनले भने, 'समाज वर्गीय भएको कारण पत्रकारिता पनि वर्गीय पक्षधरतामा आधारित छ ।' पत्रकारले यथार्थ धरातलमा उभिएर पत्रकारिता गर्नुपर्ने धारणा राख्दै उनले आवरणमा व्यावसायिक पत्रकारिता भने पनि सबैले व्यवहारमा आआफ्नो स्वार्थसहितको मिसन पत्रकारिता गरिरहेको बताए । उद्घाटन कार्यक्रमको अध्यक्षता गर्दै रातो खबर प्रकाशन गृह प्रालिका निर्देशक वसन्त श्रेष्ठले समाज रूपान्तरणको दायित्व पत्रकारहरूको भएकाले तालिमको उद्देश्य प्रशिक्षार्थी पत्रकारहरूलाई पत्रकारितासम्बन्धी ज्ञानले ओतप्रोत पार्नु रहेको बताए । पत्रकारितालाई जनपत्रकारितामा रूपान्तरण गर्न आवश्यक रहेको धारणा राख्दै श्रेष्ठले तालिमबाट लिएको ज्ञान व्यवहारमा रूपान्तरण गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासङ्घ सुदूरपश्चिम प्रदेशकी उपाध्यक्ष चाँदनी आचार्य र ब्रोडकास्ट एसोसिएसन नेपालका सचिव खगेन्द्र जैसीले तालिम सफलताको शुभकामना मन्तव्य राखेका थिए ।

उद्घाटन सत्रमा राष्ट्रिय जागरण मञ्चका अध्यक्ष तथा रातो खबर प्रकाशन गृहका पूर्वनिर्देशक गुणराज लोहनी, नेकपाका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो इन्चार्ज डबलबहादुर शाह, राष्ट्रिय समाजवादी मञ्च नेपालका संयोजक देवीदत्त पाण्डे, राष्ट्रिय जागरण मञ्चकी देवकला अधिकारी, रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदी, कैलाली एफएमका सञ्चालक वीरेन्द्र शाह, अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय उपाध्यक्ष धनबहादुर बमलगायतको उपस्थिति थियो । तालिम उद्घाटन सत्रको सञ्चालन रातो खबर प्रकाशन विभागकी सदस्य अम्बिका चन्दले गरेकी थिइन् । रातो खबर प्रकाशन विभागको पश्चिम संस्करण प्रमुख विनोद विष्टले उद्घाटन सत्रमा सहभागी प्रमुख अतिथि, अतिथि, प्रशिक्षक र प्रशिक्षार्थीलाई स्वागत गरेका थिए । जनपत्रकार सङ्गठनका सेत-महाकाली संयोजक प्रकाश थापाले अतिथिहरूलाई ब्याच वितरण गरेका थिए ।

## महासचिव विप्लवद्वारा ....

कार्यकर्ता विभिन्न मुद्दा खेपेर बन्दी अवस्थामा छन् ।

महासचिव विप्लवले बन्दीहरूलाई जेल मोर्चा सफलतापूर्वक पूरा गरिरहेको भन्दै सरकार नेकपासँग भएको तीनबुँने सहमति पूरा गर्न लागिरहेको विश्वास पनि व्यक्त गरेका थिए ।

केन्द्रीय कारागारका आस्थाका बन्दीहरूले नेकपा र सरकारबीच भएको तीनबुँदे सहमतिमा सरकारी पक्षबाट के-कस्तो काम भइरहेको छ भनेर जिज्ञासा राखेका थिए ।

महासचिव विप्लव र पार्टी प्रवक्ता प्रकाण्डले बुधबारै रणनीतिक संयुक्त मोर्चाका एक नेता ऋषिराम कट्टेललाई भेटेर मोर्चाको आगामी कार्यक्रमबारे छलफल गरेको नेकपा स्रोतले जनाएको छ ।

## तीनबुँदे सहमति ....

शनिबार आयोजित कार्यक्रमका वक्ताहरूले सरकारलाई नेकपासँग गरेको तीनबुँदे सहमति इमानदारीसाथ पालना गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा ज्वाला सहिद सांस्कृतिक परिवारले जनवादी गीतसङ्गीत प्रस्तुत गरेको थियो ।

## पुँजीवादी व्यवस्थाले ....

गर्दै खुला आकाशमा पार्टी कमरेडहरूसँग हातेमालो गरेको अवस्था चित्रण गर्दै उत्पीडित वर्गलाई मुक्त गरेर वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्ने प्रतिबद्धताका साथ सही बिचार र सिद्धान्त बोकी अघि बढ्ने क्रममा आफूहरूमा त्यो अठोट र साहस उत्पन्न भएको धारणा राखिन् ।

जनयुद्धमा जेल ब्रेकको पनि ठूलो भूमिका रहेको भन्दै भुजेलले आफ्ना सहकर्मीहरूप्रति कृतज्ञता पनि व्यक्त गरिन् ।

भुजेलले श्रमिक जनताको सपना लत्याउँदै दलाल पुँजीवादी व्यवस्थाले जनतामा दैनिक समस्या थोपरिरहेकाले यो व्यवस्थाले गरेका गतिविधि र समस्याको जड सबै जनताले बुझ्नुपर्ने बताइन् । उनले चुनावमा काङ्ग्रेस, एमालेलगायत पार्टीलाई जिताएर समस्याको समाधान नहुने र नेकपाका महासचिव बिप्लव नै यो व्यवस्थामा गए पनि किसान, मजदुर र देशको समस्या समाभधान नहुने धारणा राखिन् । उनले असल मानिस पनि त्यहाँ पुगेपछि खराब हुने प्रस्ट पारिन् ।

भुजेलले सत्तानजिकका दलालहरू विकास निर्माणको नाउँमा भ्रष्टाचारमा लिप्त रहेकाले अहिलेको व्यवस्था हुनेखानेको व्यवस्था रहेको चित्रण गरिन् । उनले किसान, मजदुर, दलित र सम्पूर्ण उत्पीडित वर्गले सरल जीवनयापन गर्ने व्यवस्थाको परिकल्पना गर्नुपर्ने बताइन् । उनले महिला, गरिब, किसान, मजदुरलाई अधिकार दिलाउन र विदेशी हस्तक्षेपको अन्त्य गर्दै हरेक नागरिकले आफ्नो भाग्य आफैँ बनाउने बाटोमा लाग्नुपर्नेमा जोड दिइन् ।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीद्वारा आयोजित उक्त कार्यक्रममा गोरखा जेल ब्रेकर भुजेल र सन्जु अर्याललाई सम्मान गरिएको थियो ।

ममता सुर्खेतीद्वारा सञ्चालित कार्यक्रममा अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय अध्यक्ष बन्धु चन्द, केन्द्रीय उपाध्यक्ष धिरेन्द्रा उपाध्याय, सचिव उषा घर्तीका साथै गण्डक ब्युरोअन्तर्गतका जिल्लाका जिल्ला इन्चार्ज, सेक्रेटरी र विभिन्न जवस मोर्चाका ब्युरो सदस्य अतिथिका रूपमा सहभागी थिए । कार्यक्रम अनेमसङ्घ क्रान्तिकारी गण्डक संयोजक सोममाया विकको अध्यक्षतामा सम्पन्न भएको हो ।

## वैज्ञानिक समाजवाद ....

राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ । सम्मेलन सम्पन्न गर्नका लागि गमबहादुर श्रीस मगरको संयोजकत्वमा ४१ सदस्यीय सम्मेलन आयोजक समिति गठन गरेको छ ।

बैठकले विधान, प्रतिवेदन लेखन उपसमिति, व्यवस्थापन उपसमिति, आर्थिक व्यवस्थापन उपसमिति, प्रकाशन उपसमिति पनि गठन गरेको छ । बैठकले सचिवालयको कार्यविभाजन गरेको छ भने १२ ब्युरोमा संयोजक तोकेको छ । आयोजक समितिबाहेक १०० जना प्रतिनिधि र २० जना पर्यवेक्षक सम्मेलनमा सहभागी रहने र कम्तीमा ४२ जिल्लामा भेला र सम्मेलन गर्ने निर्णय गरेको जानकारी संयोजक गमबहादुर श्रीसमगरले दिए ।

सम्मेलनका लागि मोर्चाले 'वैज्ञानिक समाजवाद स्थापनार्थ एकीकृत जनक्रान्तिको बाटोमा अघि बढौँ ! जातीय मुक्तिका लागि चौथौ राष्ट्रिय सम्मेलन भव्य रूपमा सफल गरौँ !!' नारा पनि तय गरेको छ ।

## नेकपाका महासचिव ....

तीनबुँदे सहमति कार्यान्वयनका सन्दर्भमा जेल र हिरासतमा रहेका नेकपाका नेता-कार्यकर्ताको रिहाइ र मुद्दा फिर्ता लिने विषयमा कुराकानी भएको नेकपाको उच्च स्रोतले जनाएको छ ।

नेकपाका महासचिव विप्लव र प्रवक्ता प्रकाण्डसँग गृहमन्त्रीले गरेको भेटघाटमा देशको पछिल्लो राजनीतिक घटनाक्रमका साथै विद्यमान सङ्कटको निकासका लागि दुवै पक्ष गम्भीर भएर लाग्नुपर्ने विषयमा छलफल भएको पनि स्रोतले जनाएको छ ।

दुवै पक्ष मिलेर राष्ट्रिय राजनीतिको निकास खोज्नुपर्ने विषयमा महासचिव विप्लव, प्रकाण्ड र गृहमन्त्री थापा सहमत भएको पनि स्रोतले जनाएको छ । यसैबीच नेकपाका महासचिव विप्लव, प्रवक्ता प्रकाण्ड र खानेपानीमन्त्री मणिचन्द्र थापाबीच पनि राष्ट्रिय राजनीतिका विषयमा मङ्गलबार नै छलफल भएको छ ।

यसअघि सोमबार नेकपाका महासचिव विप्लव र प्रधानमन्त्री केपी शर्मा ओलीबीच राष्ट्रिय राजनीतिका विषयमा महत्वपूर्ण भेटघाट र कुराकानी भएको थियो ।

# दैलेखका विभिन्न स्थानमा कोणसभा

**राकम कर्णाली** : नेपाल कम्युनिस्ट पार्टी दैलेखले सरकारले नेकपासँग गरेको तीनबुँदे सहमति पालना गर्न माग गर्दै जिल्लाका विभिन्न ठाउँमा कोणसभा सम्पन्न गरेको छ । यसैक्रममा जिल्लाको आठबीस नगरपालिकाको राकम कर्णालीमा कोणसभा आयोजना गरिएको नेकपाले जनाएको छ ।

राकममा आइतबार आयोजित कोणसभामा सम्वोधन गर्दै नेकपाका दैलेख इन्चार्ज दीपेन्द्रले दलाल संसदीय व्यवस्थाबाट देशमा शान्ति, स्थिरता र समृद्धि हुन नसक्ने भएकाले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न जनमतसङ्ग्रहमा जानुपर्ने बताए ।

कार्यक्रममा जिल्ला सेक्रेटरी दीप लामा, अखिल (क्रान्तिकारी) दैलेखका अध्यक्ष सुदर्शन, अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी ) दैलेखकी अध्यक्ष उषा, दलित मुक्तिमोर्चा दैलेखका सचिव सन्दीप, बुद्धिजीवी सङ्गठनका संयोजक क्षितिज र क्रान्तिको उपस्थिति थियो ।

लोगराज कार्कीले सञ्चालन गरेको कार्यक्रममा ज्वाला सांस्कृतिक परिवारले जनवादी गीत तथा नृत्य प्रस्तुत गरेको थियो ।

# युवा सङ्गठन टीकापुर नगर अध्यक्षमा हिक्मत

**कैलाली** । नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल कैलालीले सङ्गठन विस्तार अभियानलाई तीव्रता दिइएको छ । सङ्गठन विस्तार अभियानअन्तर्गत जिल्लाको टीकापुर नगरपालिकामा नगर समिति गठन गरिएको हो ।

भेलाले हिक्मतको अध्यक्षतामा २५ सदस्यीय नगर समिति गठन गरेको छ । कार्यक्रममा युवा सङ्गठन नेपालका जिल्ला संयोजक पुष्प भट्ट 'ओम', नेपाल कम्युनिस्ट पार्टी कैलाली जिल्ला सचिवालय सदस्य तथा टीकापुर नगर इन्चार्ज रमेश, युवा सङ्गठन, नेपाल बाजुरा जिल्ला सयोजक उज्ज्वल, दीपक चन्द, बिक्की ओझालगायत नेता-कार्यकर्ताको आतिथ्य थियो भने युवाहरूको उल्लेखय सहभागिता थियो ।

युवा सङ्गठन नेपाल कैलालीका संयोजक ओमले समाज रूपान्तरणमा युवाहरूको भूमिका र दलाल पुँजीपति संसदीय व्यवस्थाले देशमा उत्पन्न गरेको समस्याबारे प्रस्ट पारे । कार्यक्रमको सञ्चालन बिक्की ओझाले गरेका थिए भने स्वागत मन्तव्य दीपकले राखेका थिए ।

# जनपत्रकार सङ्गठनले कञ्चनपुरमा बनायो सङ्गठन

**महेन्द्रनगर** । जनपत्रकार सङ्गठन नेपालको आयोजनामा कञ्चनपुरको महेन्द्रनगरमा बसेको बैठकले गणेश सार्कीको संयोजकत्वमा ११ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ ।

बैठकमा सम्बोधन गर्दै नेकपा कञ्चनपुर इन्चार्ज रमेश नेपाली 'जीवन' ले जनपत्रकार एउटा सचेत शक्ति र मोर्चा भएकाले क्रान्तिकारी मिसन पत्रकारिता गर्नुपर्ने बताए । उनले समाजमा लुकेर रहेका समस्यालाई उजागर गर्नुपर्ने र पार्टीनीतिमा अघि बढ्पर्ने पनि बताए ।

बैठकलाई सम्बोधन गर्दै जनपत्रकार सङ्गठन नेपालका सेम ब्युरो संयोजक प्रकाश थापाले पत्रकार एउटा चेतनशील वर्ग भएकाले समाजमा रहेका विकृति र विसङ्गतिका विरुद्धमा बोल्नुपर्ने बताए । उनले जनपत्रकार अन्य व्यावसायिक पत्रकारभन्दा भिन्न पत्रकार सङ्गठन भएको हुँदा कमाउ धन्दामा नलागी विचारमा प्रतिबद्ध भएर सञ्चार क्षेत्रलाई मिसनसहित अगाडि बढाउनुपर्ने धारणा राखे । बैठकको अध्यक्षता र सञ्चालन गणेश सार्कीले गरेका थिए ।

बैठकको प्रमुख अतिथि नेकपा जिल्ला इन्चार्ज आकाश, विशिष्ट अतिथि जनपत्रकार सङ्गठन नेपाल सेम ब्युरो संयोजक प्रकाश थापा, अतिथिहरूमा अखिल (क्रान्तिकारी) सेम ब्युरो संयोजक वीरेन्द्र शाह, युवा सङ्गठन नेपालका सेम ब्युरो कार्यालय सचिव मनमोहन जोशी, युवा सङ्गठनका अध्यक्ष वीरेन्द्र जोशी, अखिल क्रान्तिकारीका अध्यक्ष ललित एसकेलगायत उपस्थित थिए ।

# होटेल तथा रेस्टुराँ श्रमिक सङ्घको सातौं राष्ट्रिय सम्मेलन सम्पन्न

**गोरखा** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल क्रान्तिकारी होटेल तथा रेस्टुराँ श्रमिक सङ्घको सातौँ राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले सरोज न्यौपानेको अध्यक्षतामा १९ सदस्यीय नयाँ केन्द्रीय कार्यसमिति चयन गरेको छ ।

गोरखाको गोरखा नगरपालिकास्थित अबुवामा आइतबार सम्पन्न सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टी गण्डक ब्युरोका कार्यालय सचिव रूपेश प्रमुख अतिथि थिए । सम्मेलनलाई सम्बोधन गर्दै रूपेशले संसदीय व्यवस्था पूर्ण रूपमा असफल भएकाले यसबाट मजदुर र श्रमिक वर्गको अधिकार प्राप्त नहुने बताए ।

सबैखाले समस्याको समाधान गर्न संसदीय व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनैपर्ने आवश्यकता रहेको पनि रूपेशले बताए । उनले नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको वार्ताका विषयमा बाहिर विभिन्न किसिमका भ्रम छर्न खोजिएको भन्दै त्यसप्रकारका हल्ला र भ्रमका पछाडि नलाग्न सबैलाई आग्रह गरे ।

कार्यक्रममा पूर्वसभासद माया चेपाङ, नेकपा गोरखा जिल्ला इन्चार्ज कपिल भट्ट 'प्रतीक' र नेकपा गोरखा सेक्रेटरी काजी गुरुङ अतिथि थिए । राष्ट्रिय सम्मेलन आयोजन समितिका संयोजक सरोज न्यौपानेको अध्यक्षतामा सम्मेलन सम्पन्न भएको थियो ।

# बुद्धभूमि नगर समितिको तेस्रो सम्मेलन सम्पन्न

**कपिलवस्तु** : नेपाल कम्युनिस्ट पार्टी निकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) बुद्धभूमि नगर समितिको तेस्रो सम्मेलन आइतबार सम्पन्न भएको छ । सम्मेलनले प्रकाश खनालको अध्यक्षतामा १७ सदस्यीय नगर समिति गठन गरेको छ ।

सम्मेलनमा सङ्गठनका कपिलवस्तु जिल्ला अध्यक्ष विज्ञान क्षेत्री उपस्थित थिए । उनले नवनिर्वाचित कार्यसमितिलाई शैक्षिक क्षेत्रमा देखिएको निजीकरण, व्यापारीकरण, माफियाकरणका विरुद्ध निरन्तर सङ्घर्ष अगाडि बढाउन निर्देशन दिए ।

अखिल (क्रान्तिकारी) ले आउँदो जेठमा हुने राष्ट्रिय सम्मेलनलाई लक्षित गरी देशव्यापी सङ्गठन विस्तार, नगर सम्मेलन र जिल्ला सम्मेलन गरिरहेको छ ।

# अखिल नेपाल शिक्षक सङ्गठन गोरखाको बैठक सम्पन्न

**अबुवा** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल शिक्षक सङ्गठन गोरखा जिल्ला समितिको बैठक सम्पन्न भएको छ ।

गोरखा नगरपालिकास्थित अबुवामा आइतबार बसेको बैठकले बेलबहादुर गुरुङको संयोजकत्वमा ९ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिती गठन गरेको छ ।

बैठकमा नेकपा गोरखा जिल्ला इन्चार्ज कपिल भट्ट 'प्रतीक', सेक्रेटरी काजी गुरुङ, शिक्षक सङ्गठनका केन्द्रीय सचिव वीरबहादुर गुरुङ र शिक्षक सङ्गठनका गण्डकी प्रदेश महासचिव राजेन्द्र ढकाल उपस्थित थिए ।

# लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चा नेपाल सुनसरीको भेला

**प्रवीण अधिकारी**

**सुनसरी** : नेपाल कम्युनिस्ट पार्टी निकट लिम्बुवान राष्ट्रिय मुक्ति मोर्चा नेपाल सुनसरीको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । सुनसरीको धरानमा आइतबार सम्पन्न भेलामा प्रमुख अतिथि मोर्चाका केन्द्रीय संयोजक सागर लिम्बू थिए भने विशेष अतिथिका रूपमा अनेमसङ्घ क्रान्तिकारीकी केन्द्रीय कोषाध्यक्ष कमला लिम्बू, नेकपाका जिल्ला सेक्रेटरी सुरेश राई, अनिल लिम्बू, अमृत लिम्बू र हर्कहाङ लिम्बु उपस्थित थिए ।

मोर्चाका केन्द्रीय सदस्य गजेन्द्र पालुङ्वाको अध्यक्षतामा सम्पन्न भेलाले मिसेक लिम्बूको नेतृत्वमा ११ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ । मोर्चाले आउँदो वैशाख २५ गते जिल्ला सम्मेलन गर्ने निर्णय गरेको जानकारी मोर्चाले दिएको छ ।

# जनपत्रकार सङ्गठन कैलालीको संयोजकमा थापा

**धनगढी** : जनपत्रकार सङ्गठन नेपाल कैलालीको बैठक धनगढीमा सम्पन्न भएको छ । बैठकले लोकेन्द्र थापाको संयोजकत्वमा ९ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ ।

बैठकमा नेकपाका कैलाली इन्चार्ज दीपेन्द्र चलाउनेले पत्रकार समाजको सचेत वर्ग भएकाले समाजका हरेक विकृति र विसङ्गतिका विरुद्धमा बोल्नु र लेख्नुपर्ने बताए ।

बैठकमा जनपत्रकार सङ्गठन सेती-महाकाली संयोजक प्रकाश थापा र केन्द्रीय सदस्य धर्मसिंह विकको उपस्थिति थियो ।

# जनपक्षीय पत्रकारिता तालिम सम्पन्न

रातो खबर प्रकाशन गृह प्रालि र जनपत्रकार सङ्गठन नेपालको आयोजनामा ३ दिने आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ ।

तालिमपछि आयोजित समापन कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि रातो खबर प्रकाशन गृहका निर्देशक वसन्त श्रेष्ठले पत्रकारितालाई जनपत्रकारितासँग जोड्नुपर्ने बताए ।

नेपाली पत्रकारिताको अवस्थाका बारेमा व्याख्या गर्दै निर्देशक श्रेष्ठले स्वतन्त्र व्यवसाय गर्ने भनिएका मिडियाहरूले पनि ठूलो व्यापार गरिरहेको बताए । 'आन्दोलनको आवश्यकताले माग गरेको खण्डमा जसले जहाँ, जुन भूमिकामा रहेर पनि काम गर्नुपर्ने छ', उनले भने, 'विचारको सङ्घर्षमा पनि पत्रकारले आफूलाई उत्कृष्ट बनाउनु जरुरी छ ।' जनपक्षीय पत्रकारले नेपालमा संसदीय व्यवस्था किन असफल भयो र वैज्ञानिक समाजवाद किन आवश्यक छ भन्ने विषयमा आमजनतालाई बुझाउनु जरुरी भएकोमा उनको जोड थियो ।

समापन समारोहमा राष्ट्रिय जागरण मञ्चका संयोजक तथा रातो खबर प्रकाशन गृहका संस्थापक निर्देशक गुणराज लोहनीले यो सिकाइको सुरुआती चरण भएको र यसको प्रयोग र परीक्षा व्यवहारमा हुने विश्वास व्यक्त गरे । उनले भने, 'प्रशिक्षकहरूले कस्तो ज्ञान दिए र प्रशिक्षार्थीहरूले कति कुरा सिकाउन सके भन्ने व्यवहारमा गएर थाहा हुनेछ ।'

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो इन्चार्ज डबलबहादुर शाहले ३ दिनसम्म सञ्चालित आधारभूत पत्रकारिता तालिममा ज्ञान प्राप्तिका लागि राम्रो बहस भएको भन्दै तालिमबाट लिएको ज्ञान व्यवहारमा लागू गरेपछि मात्र यसको महत्व पुष्टि हुने बताए । उनले जनपत्रकारिताको माध्यमबाट सांगठनिक कुरालाई व्यवहारमा जोडिने त्यो वैज्ञानिक समाजवादसँग जोडिने भएकाले निकै महत्वपूर्ण हुने बताए । पत्रकारिताको माध्यमबाट पार्टीका कुरा जनतासँग र जनताका कुरा पार्टीसँग जोड्नु महत्वपूर्ण रहेको भन्दै नेता शाहले प्राविधिक रूपले पनि यो तालिम राम्रो प्रशिक्षण भएको बताए ।

तालिममा रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीले कलमको माध्यमबाट श्रमजीवी जनताका आवाज बुलन्द गर्ने काम जनपत्रकारहरूको भएको बताए । उनले पत्रकारिता गर्दा सूचनासँगै भाषाको सामान्य ज्ञान अनिवार्य राख्नुपर्ने कुरामा जोड दिए ।

यस्तै ई-रातो खबर अनलाइन संस्करणकी सम्पादक अम्बिका चन्दले तालिमबाट सिकेको ज्ञान व्यवहारमा उतार्ने विश्वास गर्दै तालिममा सहभागी प्रत्येक व्यक्तिले समाचार बनाउन लाग्नुपर्ने बताइन् ।

तालिममा सहभागी जीवन विकले अनुभूति राख्दै भने, 'गरिब र दबिएका आवाजहरूलाई कसरी माथि उठाउने भन्ने विषयमा जनपत्रकारिताले महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने जानकारी भयो ।' उनले भने, 'पत्रकारले जनताका पक्षमा काम गर्न एक कदम अघि बढ्ने ज्ञान पाएका छौँ । समाजलाई बदल्नका लागि पत्रकारिता तालिम गरेका छौँ । यहाँबाट कार्यक्षेत्रमा गएपछि निरन्तर रातो खबरसँग जोडिनेछौँ । समाचार सम्प्रेषण गर्ने अवसर दिलाउनेछौँ ।'

राप्ती ब्युरोबाट प्रशिक्षणमा सहभागी हेमन्तप्रकाश ओलीले भने, 'यहाँबाट पार्टीको विचार प्राप्त गरेका छौँ । हामी हाम्रो वर्गप्रति इमानदार भएर मिसन पत्रकारिता गर्नेछौँ । हामीले केही न केही कुरा सिकेका छौँ ।'

यस्तै सेती-महाकाली ब्युरोबाट उपस्थित खेमराज बुढाले भने, 'तालिमबाट सिकेका कुरा व्यवहारमा लागू गर्नेछौँ । दलाल पुँजीवादी व्यवस्थाका विरुद्ध आफ्नो मिसन पूरा गर्न लागिपर्नेछौँ । वर्गीय विभेदका विरुद्धमा कलम चलाउनेछौँ भन्ने विश्वास छ ।' यस्तै लुम्बिनी ब्युरोका आर्यन विकले भने, 'योभन्दा पहिले पनि तालिम लिएका थियौँ तर त्यो विशुद्ध व्यावसायिक थियो । मिसन पत्रकारिताले आफ्नो वर्गको हितमा काम गर्नुपर्दछ ।'

हुलाक द. नं. ०२/०७७/७८ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष ६, अङ्क ३३, पूर्णाङ्क २६६
रातो खबर

# तनहुँमा जनसम्बन्ध सुदृढ अभियान सुरु

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी तनहुँले चैत १२ गते दमौली बजारबाट जिल्लास्तरीय अभियानको उद्घाटन सुरु गरेको छ। उद्घाटन कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा गण्डक ब्युरो इन्चार्ज उमा भुजेलको प्रमुख आतिथ्य र तनहुँ जिल्ला इन्चार्ज निशान, ब्युरो सदस्य निरु थापालगायत अतिथिको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि भुजेलले वर्तमान राजनीतिक अवस्था, हालै सरकार र नेपाल कम्युनिस्ट पार्टीबीच भएको ३ बुँदे सहमतिबारे जानकारी दिँदै नेकपाले लिएको एकीकृत जनक्रान्तिमार्फत नेपाली अधुरो क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना ल्याउन सबै नेता-कार्यकर्ता र आमजनसमुदाय लाग्नुपर्नेमा जोड दिइन्।

करिब दुई सयजनाको उपस्थिति रहेको उक्त कार्यक्रमको अध्यक्षता एटमले गरेका थिए भने सञ्चालन नेत्र थापाले गरेका थिए।

# अखिल क्रान्तिकारीद्वारा भित्तेलेखन

**कपिलवस्तु** : अखिल (क्रान्तिकारी) कपिलवस्तुले सङ्गठनको २१ औँ जिल्ला सम्मेलन तथा २२ औँ राष्ट्रिय सम्मेलनको तयारीस्वरूप जिल्लाका विभिन्न स्थानमा नाराहरूसहित वालपेन्टिङ गरेको छ। कपिलवस्तु जिल्लाका विभिन्न क्याम्पस, स्कुल, बजार, चोक र सहरका सार्वजनिक स्थलका भित्ताहरूमा वालपेन्टिङ गरिएको सङ्गठनका जिल्ला अध्यक्ष विज्ञान क्षेत्रीले बताएका छन्।

वैज्ञानिक शिक्षा लागू गर, एकीकृत जनक्रान्ति जिन्दावाद, घोकन्ते शिक्षाप्रणाली अन्त्य गर, वैज्ञानिक समाजवादी शिक्षाप्रणाली स्थापना गरौँ, अखिल (क्रान्तिकारी) जिन्दावादलगायत नाराहरू लेखिएको र लुम्बिनी ब्युरोका सबै जिल्लाले वालपेन्टिङ गरिरहेको जानकारी पनि क्षेत्रीले दिए।

# किसान महासङ्घ र महिला सङ्गठन गोरखाको भेला

**गोरखा।** अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) गोरखाको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। भेलाले विष्णुप्रसाद रिजालको नेतृत्वमा १३ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ।

गोरखाको पालुङटार नगरपलिका ७ खोलाघाटस्थित सहिद शुक्र तमुको गाउँमा मंगलबार सम्पन्न भेलामा सम्बोधन गर्दै भेलाका प्रमुख अतिथि नेपाल कम्युनिस्ट पार्टी गोरखाका जिल्ला इन्चार्ज प्रतीकले असफल भइसकेको संसदीय व्यवस्थामा किसानहरू सबैभन्दा बढी पीडित भएकाले किसानहरूको उत्थानका लागि वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य आवश्यक भएको बताए। प्रतीकले आफ्नो पार्टी उत्पीडित किसानहरूका पक्षमा निरन्तर काम गर्दै आइरहेको र त्यसका लागि सम्पूर्ण किसानहरू सङ्घर्षमा उत्रिनुपर्ने बताए।

विष्णुप्रसाद रिजालले सञ्चालन गरेको उक्त भेलामा नेकपाका मनाङ इन्चार्ज योगेन्द्र कुमाल, जिल्ला सेक्रेटरी सरल र मजदुर सङ्गठनकी गण्डक ब्युरो संयोजक माया चेपाङ उपस्थित थिए।

यसैबीच नेपाल कम्युनिस्ट पार्टीको महिला सङ्गठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी गोरखा जिल्लाको प्रथम जिल्ला भेला मङ्गलबार पालुङटार नगरपालिका ७ खोलाघाटमा सम्पन्न भएको छ। भेलाले अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी गोरखा जिल्लाको सम्मेलनका लागि निता चेपाङको नेतृत्वमा ११ सदस्यीय आयोजक समिति गठन गरेको छ।

भेलामा नेपाल कम्युनिस्ट पार्टी गोरखा जिल्ला इन्चार्ज प्रतीक प्रमुख अतिथि रहेको र मनाङ इन्चार्ज योगेन्द्र कुमाल, नेकपा गोरखा सेक्रेटरी सरल, मजदुर सङ्गठनकी गण्डक ब्युरो संयोजक माया चेपाङ अतिथि रहेका थिए। अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी गोरखाकी संयोजक निता चेपाङले कार्यक्रमको अध्यक्षता गरेकी थिइन्।

उक्त भेलामा भेलाका प्रमुख अतिथि रहेका नेकपा गोरखाका इन्चार्जले आफ्नो अधिकार प्राप्त गर्न र महिला हिंसा अन्त्यका लागि महिलाहरू चुलोचौको छोडेर अगाडि बढ्नुपर्ने बताए। उनले संसदीय व्यवस्थामा महिलाका अधिकार कागजमा मात्रै सीमित हुने भन्दै व्यवहारमा उतार्न संसदीय व्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनैपर्ने बताए।

# सेती-महाकालीमा नेकपाको स्कुलिङ

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीले सेती-महाकालीमा स्कुलिङ कार्यक्रम सञ्चालन गरिरहेको छ। चैत ६ गते कैलालीको लम्कीचुहा नगरपालिकाबाट सुरु गरिएको स्कुलिङ दोस्रो चरणमा घोडाघोडी नगरपालिकामा सम्पन्न भएको हो। सेती-महाकाली स्कुलिङ विभाग सदस्य राजेन्द्र विष्ट 'परिवर्तन' को अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरो इन्चार्ज प्रशान्त प्रमुख अतिथि थिए।

कार्यक्रममा स्कुलिङ विभाग प्रमुख शेरबहादुर देउवा 'नवीन' र कैलाली जिल्ला सेक्रेटरी करन अतिथि थिए। प्रमुख अतिथि प्रशान्तले सम्बोधन गर्दै वैज्ञानिक समाजवादी सत्ताका लागि नेता-कार्यकर्ताहरूले जुनसुकै बलिदान दिनका लागि समेत तयार हुनुपर्ने बताउँदै त्यसका लागि स्कुलिङ अति आवश्यक रहेको बताए। त्यसैगरी राजबन्दीहरूको तत्काल रिहाइ र झूट्टा मुद्दा खारेज गर्ने विषयमा सरकारले ढिलाइ गरिरहेको र थप गिरफ्तार गरिरहेको विषयमा चिन्ता व्यक्त गर्दै ब्युरो स्कुलिङ विभाग प्रमुख शेरबहादुर देउवा 'नवीन' ले भने, 'यसले आमजनतामा सम्झौता कार्यान्वयन हुनेमा आशङ्का बढ्दै गएको छ। तसर्थ सम्झौता कार्यान्वयनका लागि सरकारलाई स्मरण गराउन चाहन्छौँ।'

कार्यक्रमको सञ्चालन विभागका सदस्य दिलबहादुर साउदले गरेका थिए। मार्क्सवादका तीनवटा सङ्घटक अङ्ग दर्शनशास्त्र, वैज्ञानिक समाजवादी अर्थशास्त्र र वैज्ञानिक समाजवादको अध्ययन गराइएको स्कुलिङ कार्यक्रममा कैलाली जिल्ला सदस्यहरू सहभागी भएका थिए। त्यसैगरी कैलारी गाउँपालिका, गौरीगङ्गा नगरपालिका, भजनी नगरपालिका, घोडाघोडी नगरपालिका, गोदावरी नगरपालिका र धनगढी उपमहानगरपालिका समितिका सदस्यहरूसमेत ५० जना सहभागी थिए।

समापन कार्यक्रमका अध्यक्ष परिवर्तनका अनुसार स्कुलिङ कार्यक्रम सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लामा चल्नेछ।

## नेकपा र क्रान्तिकारी ...

प्रकाण्डका अनुसार बैठकमा संयुक्त रणनीतिक मोर्चाबारे मोर्चाको अवधारणा र सङ्गठनात्मक संरचना एवम् नेतृत्व प्रणालीलाई विकास गर्दै नयाँ उचाइमा क्रियाशील बनाउने सहमति भएको छ।

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो आठौँ महाधिवेशनबाट अघि सारेको विचार, नीति, कार्यदिशा र कार्यक्रम सम्बन्धमा नेकपा (क्रान्तिकारी माओवादी) का तर्फबाट राखिएका जिज्ञासाबारे स्पष्ट पार्दै प्रवक्ता प्रकाण्डले क्रान्तिकारी आन्दोलनको विकास र नयाँ पहलकदमीका लागि एकता र ध्रुवीकरणको आवश्यकताबारे आफ्नो धारणा राखेका थिए।

# युवा सङ्गठन मेची-कोसी ब्युरोद्वारा अन्तरक्रिया

**झापा।** नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन मेची-कोसी ब्युरोले 'संसदीय व्यवस्थाको असफलता र वैज्ञानिक समाजवाद स्थापनामा युवाहरूको भुमिका' बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

बिहीबार झापाको दमकस्थित किराँत भवनमा नेकपाका युवा नेता एवम् मेची-कोशी ब्युरो सचिव सुमनसिंह पौडेल प्रमुख वक्ता रहेको उक्त कार्यक्रममा, नेपाल कम्युनिस्ट पार्टी झापाका सचिव श्रीजंग, माधवकुमार नेपाल निकट युवा सङ्घका १ नं. प्रदेश अध्यक्ष प्रर्त्युस राना, वैज्ञानिक समाजवादी पार्टीका युवा नेता नयन लिम्बु, क्रान्तिकारी माओबादीका जिल्ला नेता भिम लामा, गोपाल खम्बु नेतृत्वको माकेका नेता अर्जुन लामा, कर्णजित बूढाथोकी नेतृत्वको माकेका युवा सङ्गठनका प्रदेश इन्चार्ज लुहार, नेकपा सुनसरी जिल्ला इन्चार्ज प्रविण मिश्र लगायतका वक्ताहरूले आफ्नो धारणा राखेका थिए।

कार्यक्रममा अन्य राजनीतिक दलका सहभागी नेताहरूले अब देशमा संसदीय व्यवस्था असफल भएको बताउँदै वैज्ञानिक समाजवाद स्थापनाका लागि युवाहरू एक हुनुको विकल्प नरहेको बताएका छन्। कार्यक्रममा आफ्नो धारणा राख्दै उनीहरूले विभिन्न देशको उदाहरण दिँदै वैज्ञानिक समाजवाद नै अबको विकल्प रहेको र यसले नै देश र जनतालाई मुक्ति दिनेसमेत बताएका छन्।

कार्यक्रममा युवा सङ्गठन नेपालका व्युरो इन्चार्ज सुवास राईको अध्यक्षता रहेको थियो भने नेकपाका नेता एवम् सुनसरी जिल्ला इन्चार्ज प्रविण मिश्रले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा विभिन्न जिल्लाबाट नेता तथा कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो।




RASUWAGADHI
HYDROPOWER CO. LTD.
रसुवागढी हाइड्रोपावर कं.लि.
2011 A.D.
Maharajgunj, Kathmandu
Phone: 01-4371744, 4371794
web: www.rghpcl.com.np



हार्दिक श्रद्धाञ्जली



जन्म
२००४/०३/१५

जीत नारायण श्रेष्ठ

निधन
२०७७/१२/१२

जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिका सदस्य तथा रामेछाप-काठमाडौँ जनगणतान्त्रिक सम्पर्क मञ्चका अध्यक्ष रुपक श्रेष्ठका बुबा जीतनारायण श्रेष्ठको ७३ वर्षको उमेरमा यही २०७७ चैत १२ गते काठमाडौँमा असामयिक निधन भएको खबरले हामीलाई दुःखी तुल्याएको छ। यस दुःखद घडीमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै रुपक श्रेष्ठलगायत शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौँ।

कमानसिंह, अध्यक्ष
जनगणतान्त्रिक सम्पर्क मञ्च
केन्द्रीय समन्वय समिति



नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ